चेलापन - परिशिष्ट १९

[अगुवापन]
मण्डली इतिहासमा अगुवापनको विकास

अहिले इसाई सम्प्रदायहरूको फरक-फरक किसिमका अगुवापनको संरचनाहरू (ढाँचाहरू) छन्।

यस्तो विकास कसरी हुन पुग्यो त? यो अध्ययनको अभिप्राय तपाईंको इसाई सङ्गतिको अगुवापनको संरचनालाई परिवर्तन गर्नु होइन। यसले त केवल नयाँ करारको प्रकाशको पूर्णतापछि विश्वव्यापी मण्डलीमा देखा परेका केही अगुवापनको संरचनाहरूको विकासलाई छोटकरीमा व्याख्या गर्नु मात्र हो।

क. एल्डरहरूको नियुक्ति
(बाइबलीय शिक्षा) (इ.सं. ३०-९७)

१. नयाँ करारले एल्डरहरूको समूहको नियुक्तिको बारेमा मात्र सिकाउँछ।

(१) येशू ख्रीष्टले आफ्नो आत्माद्वारा अगुवाइ गर्नुहुन्छ।

नयाँ करारले कुनै किसिमको तहगत (श्रेणीगत) अगुवापनको संरचनालाई सिकाउँदैन! त्यतिबेला स्वतन्त्र मण्डलीहरूमाथि कुनै छाता सङ्गठन थिएन। पुनरुत्थान, स्वर्गारोहण र स्वर्गमा विराजमान हुनुभएपछि येशू ख्रीष्टले पृथ्वीमा सुरु गर्नुभएको कामलाई निरन्तरता दिनुभयो (प्रेरित १:१; यूहन्ना ७:३७-३९) र उहाँले आफ्नो आत्मा चेलाहरूमाथि खन्याउनुभयो (प्रेरित २ अध्याय, इ.सं. ३०)। पवित्र आत्मा येशू ख्रीष्टको आत्मा हुनुहुन्छ, र उहाँ हरेक इसाई "सँग" अनि हरेक इसाई "मा" हुन र पृथ्वीमा येशू ख्रीष्टको प्रतिनिधित्व गर्न आउनुभएको छ (यूहन्ना १४:१६-१८; यूहन्ना १६:१३-१५; रोमी ८:९-१०)। स्वतन्त्र मण्डलीहरू ख्रीष्टको आत्माद्वारा (प्रेरित ९:३१) र ख्रीष्टको वचनद्वारा (यूहन्ना ८:३१; यूहन्ना १४:२१) तिनीहरूको शिर येशू ख्रीष्टबाट शासन गरिएका छन्।

(२) आत्माले प्रेरितहरू र एल्डरहरूको समूहद्वारा अगुवाइ गर्नुहुन्छ।

यरूशलेमका यहूदीहरूका माझमा (प्रेरित २:४१-४२, इ.सं. ३०) र सारा यहूदियामा, गालिलमा र सामरियाका अर्ध-यहूदीहरूका माझमा (प्रेरित ८:१,४; प्रेरित ९:३१, इ.सं. ३०-४०) र सिजरियाका गैर-यहूदीहरूका (अन्यजातिहरूका) माझमा (प्रेरित १० र ११ अध्याय, इ.सं. ४०) अनि एन्टियोकका अन्यजातिहरूका माझमा (प्रेरित ११:१९-२४, इ.सं. ४४) प्रथम मण्डलीहरू स्थापना गर्नको निम्ति पवित्र आत्माले (ख्रीष्टको आत्माले) एघार चेलाहरूलाई प्रयोग गर्नुभयो। येशू ख्रीष्टका ती प्रेरितहरू अद्वितीय थिए, तिनीहरू मण्डलीहरू स्थापना गर्ने अगुवाहरू थिए र तिनीहरूसँग अद्वितीय, तर अस्थायी अधिकार थियो।

पावलको जीवन परिवर्तनपछि (प्रेरित ९:१-३०, इ.सं. ३४ तिर) पवित्र आत्माले तिनलाई टर्कीको किलिकियामा (गलाती १:२१-२३, इ.सं. ३६-४४) र सिरियामा (प्रेरित ११:२५-२६, इ.सं. ४४-४६) मण्डलीहरू स्थापना गर्न प्रयोग गर्नुभयो। एन्टियोकको मण्डलीले यरूशलेमको मण्डलीका एल्डरहरूलाई उपहारहरू पठायो (प्रेरित ११:३०)। पछि गएर परमेश्वरको बोलावटअनुसार पवित्र आत्माले पावल र बारनाबासलाई मिसेनरी यात्राहरूको लागि अलग गर्नुभयो (प्रेरित १३:१-४)।

पहिलो मिसेनरी यात्रामा (इ.सं. ४७-४८) तिनीहरूले आफूहरू गएको हरेक ठाउँमा मण्डलीहरू स्थापना गरे। तिनीहरूले साइप्रस (प्रेरित १३:४-५) र विशेष गरी टर्कीको क्षेत्रहरूमा मण्डलीहरू स्थापना गरे (प्रेरित १३-१४ अध्यायहरू) अनि तिनीहरूले हरेक मण्डलीमा एल्डरहरूको परिषद् नियुक्त गरे (प्रेरित १४:२१-२३)। इ.सं. ५० तिर एन्टियोक मण्डली र यरूशलेम मण्डली (यरूशलेममा बस्ने एल्डरहरू र प्रेरितहरू) मिलेर यरूशलेममा परिषद् आयोजना गरे र उक्त परिषद्मा प्रेरित पत्रस, यूहन्ना र याकूबले प्रेरित पावलद्वारा गरिएको परमेश्वरको सेबकाइलाई स्वीकार गरे (प्रेरित १५:१-३५; गलाती २:१-१०)।

दोस्रो मिसेनरी यात्रामा (इ.सं. ५०-५२) पावल र तिनका सहकर्मीहरूले टर्की, माकेडोनिया र ग्रीसका सहरहरूमा मण्डलीहरू स्थापना गरे (प्रेरित १५:३६-१८:२२)।

तेस्रो मिसेनरी यात्रामा (इ.सं. ५२-५७) तिनीहरूले टर्की र ग्रीसमा सेवकाइ गरे (प्रेरित १८:२३-२१:१६)। त्यस क्रममा तिनीहरू कोरिन्थमा डेढ वर्ष (प्रेरित १८:११) र एफिससमा तीन वर्ष बसे (प्रेरित १९:८-१०)। मिलेटसमा पावलले एल्डरहरूको समूह मण्डलीको "देखरेख गर्ने" र "गोठालाहरू" हुनुपर्छ भनी पवित्र आत्माले नियुक्त गर्नुहुन्छ भनी एफिससको मण्डलीको एल्डरहरूलाई बताउनुभयो (प्रेरित २०:१७,२८, इ.सं. ५७)।

रोममा पहिलोपटक कैदमा हुँदा (इ.सं. ६०-६१) पावलले एफिसस र फिलिप्पीको मण्डलीहरूलाई पत्रहरू लेख्दा त्यहाँ देखरेख गर्नेहरू र डिकनहरू थिए भनी चर्चा गरेका छन् (१ तिमोथी ३:१,१२; फिलिप्पी १:१)।

चौथो मिसेनरी यात्रमा (इ.सं. ६१-६४) पवित्र आत्माले प्रेरित पावललाई तिमोथी र तीतसलाई पत्रहरू लेख्ने प्रेरणा दिनुभयो (२ तिमोथी ३:१६)। त्यतिबेला तिनले प्रत्येक मण्डलीलाई कसरी अगुवाइ गरिनुपर्छ भनी शिक्षा दिनुभयो (१ तिमोथी ३:१४-१५) र त्यो एल्डरहरूको समूहद्वारा गरिनुपर्छ भनी बताए (१ तिमोथी ४:१४)। उक्त पत्रहरूमा एल्डरहरूको योग्यता अनि आवश्यक्ताहरू, कामहरू र अधिकारहरूको बारेमा बताए (१ तिमोथी ३:१-७; १ तिमोथी ५:१७-२२; तीतस १:५-९)।

पत्रुसलाई पनि पवित्र आत्माले टर्की प्रान्तका मण्डलीहरूलाई (१ पत्रुस १:१) पत्रहरू लेख्ने प्रेरणा दिनुभयो (इ.सं. ६३-६५, २ पत्रुस १:२०-२१ र २ पत्रुस ३:१-१६ सँग दाँज्नुहोस्)। तिनले पनि आफ्नो पत्रद्वारा कसरी एल्डरहरूले प्रत्येक मण्डलीलाई अगुवाइ गरिनुपर्छ भनी शिक्षा दिएका छन्। त्यहाँ तिनले एल्डरहरूको योग्यताहरू, कामहरू र अधिकारहरूको बारेमा शिक्षा दिएका छन् (१ पत्रुस ५:१-७)।

तसर्थ, नयाँ करारको अवधिमा प्रेरितहरू र तिनीहरूका सहकर्मीहरूले नयाँ मण्डलीहरू स्थापना गरे अनि प्रत्येक मण्डलीमा एल्डरहरूको समूह नियुक्त गरे (प्रेरित १४:२३; तीतस १:५)। उक्त एल्डरहरूको समूहलाई 'प्रेसबेटेरियोन' (presbyterion), परिषद् अथवा एल्डरहरूको समिति भनिन्थ्यो (१ तिमोथी ४:१४)।

अगुवापनको कार्याभार भएको व्यक्तिलाई "एल्डर"[57] (प्रेरित २०:१७; १ पत्रुस ५:१) अनि कहिलेकाहिँ "देखरेख गर्ने" (बिशप)[58] (तीतस १:७, ५ पदसँग तुलना गर्नुहोस्) अथवा "गोठालो"[59] (प्रेरित २०:१७,२८; फिलिप्पी १:१; १ तिमोथी ३:१,२) भनिन्थ्यो। मण्डलीको अगुवाहरूको निम्ति प्रयोग भएका अरू शब्दहरूचाहिँ यस्ता थिए: "अगुवाहरू"[60] (प्रेरित १५:२२: हिब्रू १३:१७,२४), अगुवाहरू (शाब्दिक अर्थ: माथि खडा हुने व्यक्तिहरू)[61] (शासकहरू, निर्देशकहरू, व्यवस्थापकहरू) (रोमी १२:८; १ थेसलोनिके ५:१२; १ तिमोथी ५:१७) र "घरेलु भण्डारे" (शाब्दिक अर्थ: अर्थशास्त्रीहरू, व्यवस्थापकहरू, NIV ले तिनीहरूलाई परमेश्वरको काम सुम्पिएको छ)[62] (तीतस १:७)।

नयाँ करारको समयावधिमा (इ.सं. ३०-९७) प्रयोग गरिएका शब्दहरू; जस्तै: "एल्डर"[63], "देखरेख गर्ने"[64], "गोठालो"[65] र "अगाडि खडा हुने अगुवाहरू"[66] (१ थेसलोनिके ५:१२) अथवा "प्रमुखहरू"[67] (१ तिमोथी ५:१७)- यी सबैले कुनै भेदभाव नगरिकन एउटै व्यक्तिलाई बुझाउँछ (प्रेरित २०:१७,२८; १ पत्रुस ५:१-२), किनभने नयाँ करारले एल्डरहरूको नियुक्तिको बारेमा मात्र बताउँछ र ती एल्डरहरूभन्दा माथि रहने अरू कुनै किसिमको अगुवाहरूको बारेमा बताउँदैन!

मण्डलीलाई एल्डरहरूको समूहले (एल्डरहरूको समितिले अथवा परिषद्ले)[68] अगुवाइ गरिन्थ्यो (१ तिमोथी ४:१४)। सबै एल्डरहरू बराबर हुन्थे, यद्यपि केही एल्डरहरूको काम प्रचार गर्ने र शिक्षा दिने हुन्थ्यो (१ तिमोथी ५:१७)। ती एल्डरहरूले ईश्वरशास्त्रीय सेमिनारी अथवा बाइबल कलेजबाट कुनै तालिम प्राप्त गरेका थिएनन्। तिनीहरू मण्डलीका विश्वासीहरूमा

[57] Greek: presbuteros, English: priest, elder
[58] Greek: episkopos, English: bishop, supervisor
[59] Greek: poimen, Latin and English: pastor, shepherd
[60] Greek: hegoumenos
[61] Greek: prohistamenos
[62] Greek: oikonomos
[63] Greek: presbuteros, English: priest, elder
[64] Greek: episkopos, English: bishop, supervisor
[65] Greek: poimen; Latin: pastor and English: pastor, shepherd
[66] Greek: prohistamenous humon
[67] Greek: prohestotes presbuteroi
[68] Greek: presbuterion

परिपक्व हुन्थे र अगुवापनको लागि बाइबलीय योग्यताहरू र बाइबलीय कामहरूको आधारमा तिनीहरू मण्डलीमा अगुवाइ गर्नको निम्ति चुनिन्थे।

हरेक स्थानीय मण्डली संस्थागतरूपमा अरू स्थानीय मण्डलहरूबाट स्वतन्त्र रहन्थ्यो (डोटा निर्देशिका ३, परिशिष्ट १२, बाइबलमा 'मण्डली'[69] भन्ने शब्दको अर्थलाई हेर्नुहोस्)।

२. नयाँ करारले कुनै छाता सङ्गठनको (धर्मसभा अथवा परिषद्को) नियुक्तिको बारेमा सिकाउँदैन।

यरूशलेमका इसाईहरूमा ठूलो सतावट आएपछि (प्रेरित ८:१-४) (इ.सं. ३३ तिर), त्यहाँका विश्वासीहरू विभिन्न मुलुकमा छरपस्ट भए र ती ठाउँहरूमा तिनीहरूले सुसमाचार प्रचार गरे। सिरियाको एन्टियोकमा ठूलो सङ्ख्याका मानिसहरूले येशू ख्रीष्टमा विश्वास गरे (इ.सं. ४४ भन्दा पहिले)। तिनीहरूलाई सहायता गर्नको निम्ति यरूशलेमको मण्डलीले बारनाबासलाई त्यहाँ पठायो। तिनले आफूलाई सहायता गर्नको निम्ति टर्कीको टार्ससबाट पावललाई एन्टियोकमा ल्याए (प्रेरित ११:२५-२७) (इ.सं. ४४-४६)। यस किसिमको मिसेनरी कामको परिणामस्वरूप नै एन्टियोकको मण्डली स्थापना भएको थियो।

केही समयपछि यरूशलेमबाट केही यहूदी इसाईहरू एन्टियोकमा गई त्यहाँका अन्यजाति इसाईहरूलाई भने, कि इसाई हुनको निम्ति तिनीहरूले पहिले खतना गरी यहूदी बन्नुपर्नेछ! शरीरिक खतनाबिना तिनीहरू बचाइन सक्दैन भनी तिनीहरूले भने (प्रेरित १५:१)। यो समस्या समाधान गर्नको निम्ति एन्टियोक मण्डलीले बारनाबास र पावललाई यरूशलेम मण्डलीका प्रतिनिधिहरूसँग भेट गर्न पठाए। ती दुई स्थानीय मण्डलीहरूबीचको सल्लाह र परामर्श सबै मण्डलीहरूको धर्मसभा अथवा परिषद् थिएन, किनभने उक्त क्षेत्रका अथवा संसारका सबै मण्डलीहरूले त्यहाँ प्रतिनिधित्व गरेका थिएनन्!

अर्को कुरा के हो भने, प्रेरित १५ अध्यायले मण्डली इतिहासको समस्यालाई कसरी समाधना गरियो भनेर मात्र बताउँछ, तर त्यसले समस्यालाई कसरी समाधान गरिनुपर्छ भनी सिकाउँदैन। आपसी समस्या समाधान गर्न कसरी दुई वटा स्थानीय इसाई मण्डलीहरू भेटघाट गर्न सक्छन् भन्ने यो राम्रो उदाहरण हो, तर कुनै मुलुक अथवा संसारका सबै स्थानीय मण्डलीहरूमाथि शासन गर्नको निम्ति परमेश्वरले धर्मसभा अथवा परिषद् नियुक्त गर्नुभयो भनी बाइबलले सिकाउँदैन! सबै स्थानीय मण्डलीहरू स्वतन्त्र थिए!

ख. बिशपहरूको ऐतिहासिक विकास
(तहगत अगुपनको व्यवस्था) (इ.सं. ९७ - ३२३)

१. ऐतिहासिक विशेषताहरू

मण्डली इतिहासको यो समयलाई इसाई मण्डलीभित्रको थुप्रै सङ्घर्षहरूले चिनिन्छ। यहूदी धर्मको र अन्यजातिहरूको सांसारिक धर्महरूको आन्तरिक प्रभावको कारणले अनि रोमी साम्राज्य र त्यसको सांसारिक दर्शनशास्त्रहरूको बाहिरी प्रभावको कारणले त्यसो भएको थियो। अन्तमा गएर 'विश्व-व्यापी' इसाई मण्डली विजयी भएको थियो। 'विश्व-व्यापी' (Greek: katholikos) भन्ने शब्दको अर्थ 'साधारण' अनि 'संसार' भन्ने हुन्छ, जुन एउटा मण्डलीभन्दा विपरीत हो।

२. तहगत अगुवापन व्यवस्था निर्माण गर्न बाइबलीय शब्दहरूको परिवर्तन

इ.सं. दोस्रो शताब्दीमा "इस्राएल राष्ट्रको औपचारिक व्यवस्थाअनुसार पुरानो करारको अगुवापन" (जसमा 'प्रधान पूजाहारी', 'पूजाहारीहरू' र लेवीहरू थिए) परिवर्तन भएर तहगत अगुवापनको व्यवस्था निर्माण भयो र त्यसलाई नयाँ करारको मण्डलीको अगुवापनमा उचित प्रमाणबिना नै जबरजस्ती लादियो।

(१) परम्परागत 'बिशपहरूको' सुरुवात

उक्त समयमा 'इपिस्कोपस' (episkopos) भन्ने ग्रीक शब्दले (अब यसलाई देखरेख गर्ने भनेर अनुवाद गरिएन, तर बिशप भनेर अनुवाद गरियो) एल्डरको एउटा कामलाई व्याख्या गरेन, तर सबै स्थानीय मण्डलीहरूको एल्डरहरूमाथि शासन गर्ने नयाँ अगुवापनको पद भनी व्याख्या गर्न थाल्यो। कुनै बाइबलीय पुष्टिबिना नै 'बिशप' भन्ने शब्द एउटा व्यक्तिको लागि सुरक्षित हुन पुग्यो, जसले गर्दा ऊ एक किसिमले विश्वव्यापी मण्डलीमा नयाँ करारको पूजाहारी बन्न पुग्यो। ऊ स्थानीय मण्डलीको

[69] Greek: ekklesia

देखरेख गर्ने व्यक्ति हुनुको सट्टामा 'बिशप' अथवा विश्वव्यापी मण्डलीमा क्षेत्रगत अगुवा बन्यो, जुन विश्वव्यापी मण्डलीमा सबैभन्दा माथिको कार्यभार हो।

येशू ख्रीष्टका प्रेरितहरू "बिशपहरू येशू ख्रीष्टको प्रेरितहरू हुन्" भन्ने विषयमा कुनै बाइबलीय पुष्टि अथवा प्रमाण नदिइकन नै मरे!

बिस्तारै बिशपहरूले मात्र बप्तिस्मा, प्रभु-भोज, विवाहको करार र अन्तिम संस्कारजस्ता इसाई मण्डलीको औपचारिक सेवकाइहरू गर्न थाले र तिनीहरूले नै मण्डलीका अन्य कार्यभारहरूलाई अभिषेक गर्न थाले। यस किसिमले बिशपहरूले आफूलाई मण्डलीमा अपरिहार्य अगुवा बनाए! दोस्रो र तेस्रो शताब्दीका बिशपहरूले आफूलाई कुनै बाइबलीय अधिकार र पुष्टबिनानै मण्डलीको प्रमुख अगुवाहरू बनाए! बिशपले स्थानीय मण्डलीहरू भएको सम्पूर्ण इलाकालाई अगुवाइ गर्थ्यो। त्यतिबेलाको समयमा विशपहरूलाई अरू कुनै व्यक्तिले देखरेख गर्दैनथ्यो (त्यतिबेला आर्कबिशप थिएन)।

(२) परम्परागत "पूजाहारीहरूको" (पास्टरहरूको) सुरुवात

उक्त समय अवधिमा 'प्रेस्बुटेरोस्' (presbuteros) भन्ने ग्रीक शब्दले (जसलाई अहिले 'एल्डर' भनेर अनुवाद गरिँदैन तर त्यस शब्दलाई 'पूजाहारी' भनेर अनुवाद गरिन्छ) इसाई मण्डलीको एकमात्र अगुवापनको कार्यभार, जसलाई एल्डरहरूको समूहमा भएका अरू एल्डरहरूमा बाँडिन्थ्यो, त्यसलाई व्याख्या गरिँदैन (प्रेरित १४:२३; प्रेरित २०:१७,२८; १ पत्रुस ५:२-४)। कुनै बाइबलीय पुष्टिबिना नै 'पूजाहारी' भन्ने शब्द एकजना व्यक्तिको निम्ति सुरक्षित राखियो, जो नयाँ करारमा स्थानीय मण्डलीमा एक किसिमको पूजाहारी भयो। उक्त व्यक्ति एल्डरहरूको परिषद्को एल्डरहरूमध्ये एकजना हुनुको सट्टामा पूजाहारी स्थानीय मण्डलीको अथवा मण्डली क्षेत्रको[70] एकमात्र अगुवा, गोठालो अथवा पास्टर भयो।

बिस्तारै पूजाहरीले (अथवा पास्टरले) मात्र स्थानीय मण्डलीमा प्रचार गर्ने औपचारिक सेवकाइ गर्नथाल्यो र पछि गएर उसले मण्डलीको पवित्र विधिहरू गर्न थाल्यो। कुनै क्षेत्रको मण्डलीहरू र सबै पूजाहारीहरूलाई बिशपद्वारा देखरेख गरिन्थ्यो।

(३) परम्परागत "डिकनहरूको" सुरुवात

उक्त समय अवधिमा 'डाइकोनोस' (diakonos) भन्ने ग्रीक शब्दलाई (अहिले त्यसलाई कुनै भाषाहरूमा 'डिकन' भनेर अनुवाद गरिएको छैन) स्थानीय मण्डलीमा सुरुको सेवाको कार्यभारको रूपमा व्याख्या गरिँदैन, जुन सेवा अरू डिकनहरूसँग बाँडिन्थ्यो (प्रेरित ६:३; फिलिप्पी १:१)। कुनै बाइबलीय पुष्टिबिना नै 'डिकन' भन्ने शब्द स्थानीय मण्डलीमा एक जना व्यक्तिको लागि नयाँ करारको लेवीको रूपम प्रयोग हुन थाल्यो। त्यतिबेला डिकन भनेको एक किसिमले स्थानीय मण्डलीको पूजाहारीको सहयोगी अथवा सेवक थियो। डिकनलाई पूजाहारीले (पास्टरले) रेखदेख गर्थ्यो।

(४) तर त्यस्ता परम्परागत कार्यभारहरूको कुनै बाइबलीय आधार अथवा अधिकार छैन।

यसरी नयाँ करारको अवधिपछि, इ.सं. दोस्रो र तेस्रो शताब्दीहरूमा, मण्डलीको अगुवापनको त्यस्तो अवधारणाको ऐतिहासिक विकासले स्थान पायो। तथापि, यस्तो ऐतिहासिक विकासको कुनै बाइबलीय आधार अथवा अधिकार छैन!

इग्नेसियस (इ.सं. ११०) एकमात्र यस्तो प्रेरितीय पिता हुन्, जसले एक जना बिशपले शासन गर्ने (monarchical episcopacy) प्रणालीलाई जोड दिए। तर तिनले यो ईश्वरीय संस्था हो भनी कहिले पनि बताएनन्। यो उनको व्यक्तिगत विचारधारा थियो। जेरोम (इ.सं. ३८४) भन्ने व्यक्तिले तीतस १:५ को टिप्पणी गर्दा भनेका छन्, कि बिशप एक्लैको सर्वोच्चता भनेको प्रभुले गर्नुभएको नियुक्तिभन्दा मानिसहरूको प्रचलनद्वारा सुरु भएको हो र त्यो प्रचलन इसाई मण्डलीमा हुन सक्ने फूट, मतभेद र विभाजनलाई बचाउ गर्नको लागि हो। तथापि, यो मण्डलीमा भएका हरेकलाई नियन्त्र गर्ने र शासन गर्ने व्यवस्था बन्यो।

जे जस्तो भए तापनि, इसाई मण्डलीमा कार्यभारहरूको श्रेणी अथवा तह न पुरानो करारले सिकाउँछ न त नयाँ करारले सिकाउँछ! अनि मण्डली इतिहासले हामीलाई सिकाउँछ, कि मण्डलीमा नयाँ कार्यभार दिन बिशपहरूको नियुक्तिले फूट, मतभेद र बिभाजनलाई रोक्न सकेन! यथार्थमा, मण्डलीमा उच्च स्थान पाउनको लागि बिशपहरूमा हुने सङ्घर्षले (मत्ती २०:२५-२८ को उल्लङ्घनले) मण्डलीलाई तहगत अगुवापनतिर र फूट, मतभेद र विभाजनतिर डोऱ्यायो!

[70] Greek: paroikia, English: parish

३. बिशपहरू र बिशपहरूको कार्यभार

रोमी साम्राज्यको हरेक ठाउँमा अनि त्योभन्दा पनि बाहिर नयाँ इसाई मण्डलीहरू अस्तित्वमा आउन थाले। इसाईहरूको आमा एउटा मात्र छ भनी बाइबलले सिकाउँछ (जसलाई स्वर्गीय यरूशलेम भनिन्छ, गलाती ४:२६)। तर आमा मण्डली भनाउँदा मण्डलीहरूका थुप्रै पूजाहारीहरूले (पास्टरहरूले) आफूले स्थापना गरेका छोरी मण्डलीहरूलाई स्वतन्त्र भएर जान दिएनन्! त्यसैले इसाई मण्डलीमा बिशपहरूको[71] नयाँ कार्यभार (ओहोदा) सिर्जना भयो। त्यसपछि स्वतन्त्र मण्डलीमा रेखदेख गर्नुपर्ने एल्डरको काम नयाँ कार्यभार अथवा ओहोदामा परिवर्तन भयो, जसलाई 'बिशप' भनियो र बिशपले सबै स्थानीय मण्डलीहरूको सबै एल्डरहरूमाथि रहेर काम गर्नथाल्यो। बिशपले आमा मण्डलीको साथै छोरी मण्डलीहरूको पनि रेखदेख गर्न थाल्यो। यसरी बिशपहरूको साथमा आमा मण्डलीले आफ्नो शक्ति गुमाउन चाहेन। उसले अरू मण्डलीहरूलाई शासन गर्न र नियन्त्रणमा राख्न चाहन्थ्यो!।

नयाँ करारको अवधिमा "बिशप" भन्ने शब्दले एल्डरको कार्यभारको कामलाई मात्र व्याख्या गर्दथ्यो। तर दोस्रो शताब्दीतित पुगेपछि "बिशप" भन्ने शब्दले मण्डलीमा नयाँ कार्यभार अथवा ओहोदालाई व्याख्या गर्न थाल्यो।

नयाँ करारको अवधिमा एल्डरहरूको[72] समूहले स्वतन्त्र मण्डलीलाई रेखदेख[73] गर्ने काम गर्थ्यो। तर दोस्रो सताब्दीमा पुगेपछि चाहिँ बिशप कुनै विशेष क्षेत्रमा भएका सबै छोरी मण्डलीहरूमाथि त्यहाँका पूजाहारीसँग रहेर रेखदेख अथवा सुपरिवेक्षण गर्ने व्यक्ति भयो!

नयाँ करारको मण्डलीमा केवल प्रेस्बेटेरियल (presbyterial)[74] ढाँचाको अगुवापन थियो, जसको मतलब हरेक स्थानीय मण्डली स्वतन्त्र थियो र त्यसलाई प्रेस्बेटरस अथवा एल्डरहरूको समूहले अगुवाइ गर्थ्यो (जहिले पनि एल्डरहरू भन्ने शब्द बहुवचनमा हुन्छ)। तर दोस्रो र तेस्रो शताब्दीमा पुगेपछि इसाई मण्डलीलाई इपिस्कोपल (episcopal)[75] ढाँचामा विकास गरियो, जसको मतलब कुनै क्षेत्रमा पहिलेका सबै स्वतन्त्र स्थानीय मण्डलीहरूलाई आश्रित मण्डलीहरू बनाइए र ती मण्डलीहरूलाई बिशपको मुनि राखियो (बिशप भन्ने शब्द एकवचन हो)। मण्डलीमा प्रेस्बेटेरियल अगुवापनको ढाँचाबाट इपिस्कोपल अगुवापन ढाँचामा परिवर्तन भएको ऐतिहासिक विकास वास्तवमा त्यति स्पष्ट छैन। कुनै क्षेत्रको सबै आश्रित स्थानीय मण्डलीहरूलाई बिशपले अगुवाइ गर्ने किसिमले बिशप्रिक (bishopric)[76] बनाइयो।

नयाँ करारको समयमा स्वतन्त्र समूह अथवा एल्डरहरूको परिषद् (council of elders)[77] मात्र थियो, जुन कुनै स्वतन्त्र मण्डलीलाई अगुवाइ गर्नको निम्ति चुनिएको हुन्थ्यो। तर दोस्रो र तेस्रो शताब्दीमा उक्त सम्पूर्ण क्षेत्र भएका आश्रित मण्डलीहरूलाई अगुवाइ गर्ने बिशप[78] हुन्थ्यो। उक्त बिशप अरू बिशपहरूबाट स्वतन्त्र हुन्थ्यो। इसाई मण्डलीलाई तहगत अगुवापनको ढाँचामा लैजाने पहिलो कदम यही थियो।

यस्तो ऐतिहासिक विकासको कुनै बाइबलीय पुष्टि छैन! मण्डलीमा तहगत अगुवापन ढाँचा हुनुपर्छ भन्ने नयाँ करारमा कुनै आज्ञा, शिक्षा अथवा त्यसको सम्बन्ध पनि छैन!

ग. धर्मसभाहरू र परिषद्हरूको ऐतिहासिक विकास
(तहगत छाताको संरचना) (इ.सं. १९५ देखि १८७० सम्म)

---

[71] Greek: episkops; English: bishop
[72] Greek: presbuterion; English: presbytery, derived from the word "presbyter" which means "elder".
[73] Greek: episkopeo
[74] The word "presbyteria"l is derived from the word "presbyter" which is the Greek word for "an elder"
[75] The word "episcopal" is derived from the words "epi" and "skopeo" which are the Greek words fro "to over + see".
[76] A "bishopric" is a "see" or " a unit committed to a bishop or later an achbishop"
[77] Greek: presbuterion
[78] Greek: episkopos

इसाई मण्डलीका अगुवाहरूले आफूलाई अगुवापनको उच्च स्थानमा पुऱ्याउन कसरी चालबाजी गरे भन्ने कुर मण्डली इतिहासले देखाउँछ!

१. चर्चहरूको धर्मसभाहरू (भेलाहरू)[79]

प्रेरित १५ अध्यायमा खतनासम्बन्धी समस्या समाधान गर्ने बारेमा सर-सल्लाह गर्न दुई वटा चर्चहरू एकसाथ भेला भए (एन्टियोक चर्च र यरूशलेम चर्च)। तर उक्त भेला कुनै विशेष क्षेत्रको सबै स्थानीय चर्चहरूको प्रतिनिधित्व गर्ने भेला थिएन!

दोस्रो शताब्दीमा आएर एसियाको प्रान्तमा (आधुनिक टर्कीमा) इसाई चर्चको प्रतिनित्व गर्ने प्रथम भेलाहरूको बारेमा हामी पढ्दछौँ। बिशपको नियुक्ति अथवा खारेज गर्ने बेलामा (!) भाग लिनको निम्ति छिमेकी चर्चहरूबाट प्रतिनिधिहरू बोलाउन निमनत्रणा दिइन्थ्यो अनि चर्चबाट बहिष्कार गरिएका सदस्यहरूले दोस्रो शताब्दीमा निकालेको झूटा सिद्धान्तलाई मोण्टानिजम् (Doctrine of Montanism) भनिन्छ।

इ.सं. १९५ मा पनि गाउलमा (आधुनिक फ्रान्समा) त्यस्तै इसाई चर्चको भेला आयोजना गरिएको थियो र त्यहाको बिशप इरेनियुस (Irenaeus) भन्ने मानिस थिए। उक्त भेलाको प्रतिनिधिहरू विभिन्न चर्चहरूबाट आएका एल्डरहरू, डिकनहरू र चर्चका सदस्यहरू थिए।

२.. बिशपहरूको धर्मसभाहरू (परिषद्हरू)

तेस्रो र चौथो शताब्दीमा एक जना बिशपले थुप्रै स्थानीय चर्चहरूलाई शासन गर्ने प्रचलन (the monistic episcopate) विकास हुँदैगयो। उक्त समयमा विभिन्न स्थानीय चर्चहरूबाट आएका प्रतिनिधिहरूको भेला नितान्त बिशपहरूको धर्मसभा अथवा परिषद्हरूमा परिवर्तन भयो।

रोमको धर्मसभा (इ.सं. २५४), एन्टियोकको धर्मसभा (इ.सं. २६४, २६९) र एल्भिराको धर्मसभा (इ.सं. ३०५) मा आएका प्रतिनिधिहरू बिशपहरूका साथमा एल्डरहरू, डिकनहरू र विभिन्न चर्चहरूको सदस्यहरू पनि थिए। तर अलेक्जेण्ड्रिया र आइकोनियमको दोस्रो परिषद्को प्रतिनिधिहरू बिशपहरू मात्र (इ.सं. २३५)। नाइसियाको धर्मसभामा (इ.सं. ३२५) डिकनहरूले सहभागिता जनाए तापनि निर्णयचाहिँ बिशपहरूले मात्र गरे (!), र त्यतिबेला बिशपहरू मात्र विभिन्न चर्चहरूका[80] आधिकारिक प्रतिनिधिहरू थिए! त्यही कारणले गर्दा इ.सं. ३२५ मा नाइसियाको परिषद्लाई रोमन क्यालिक चर्चले "पहिलो परिषद्" बनायो! यद्यपि सुरुमा बिशपहरूलाई चर्चका सदस्यहरूले चुन्ने भए तापनि, चौथो शताब्दीतिर आयोजना गरिने धर्मसभाहरूमा (परिषद्हरूमा) चर्चका सदस्यहरूलाई बहिष्कार गरियो र निर्णय गर्ने काम केवल बिशपहरूको विशेष अधिकार हुन पुग्यो!

३. प्रान्तीय धर्मसभाहरू (महा नगरपालिकाको अगुवापनको मुनि)

चौथो शताब्दीतिर आइपुगेपछि साना सहर अनि नगरका बिशपहरूभन्दा ठूलो सहरको (महानगरको) बिशप धेरै महत्वपूर्ण हुनथाल्यो। त्यसैगरी ती ठूलो सहरहरूमा आयोजना गरिने धर्मसभाहरू (परिषद्हरू) प्रान्तीय धर्मसभाहरू (परिषद्हरू) हुनथाले। सुरुसुरुमा ठूलो सहरको (महानगरको) बिशपले अवसरको रूपमा ती प्रान्तीय धर्मसभाहरूमा अध्यक्षको भूमिका निभाउँथ्यो, तर चाँडै नै त्यो उसको वैधानिक हकमा परिवर्तन भयो! यसप्रकार महानगरको बिशप उक्त प्रान्तको सबै बिशपहरूभन्दा प्रमुख हुनथाल्यो।

उदाहरणको रूपमा हेर्ने हो भने पश्चिमी जगतमा रोम महानगरको बिशप इटालीको सबै बिशपहरूको शिर भयो; अलेक्जेण्ड्रिया महानगरको बिशप इजिप्ट, लिबिया र पेण्टापोलिस क्षेत्रहरूको सबै बिशपहरूको शिर भयो; कार्थेज महानगरको बिशप पश्चिमी अफ्रिकाको सबै बिशपहरूको शिर भयो; र लियोन महानगरको बिशप गाउलको (फ्रान्सको) सबै बिशपहरूको शिर भयो। त्यसैगरी पूर्वीय जगतमा हेर्ने हो भने यरूशलेम महानगरको बिशप प्यालेस्टाइनको सबै बिशपहरूको शिर भयो; एन्टियोक महानगरको बिशप सिरियाको सबै बिशपहरूको शिर भयो; र कोरिन्थ महानगरको बिशप ग्रीसको सबै बिशपहरूको शिर भयो।

---

[79] Greek: "sunodos" means fellow traveller and is figurative for people travelling the same road of love (Ignatius to the Ephesians 9:1-2)

[80] Christelijke Encyclopaedie, Kok, Kampen 1929

ती ठूला प्रान्तीय धर्मसभाहरू महानगरको बिशपको अधिनमा वर्षमा दुईपटक भेटघाट गर्नुपर्छ भनी नाइसियाको परिषद्मा निर्णय गरियो (इ.सं. ३२५) र ती भेलाहरूमा भोट हाल्ने हक बिशपहरूको मात्र हुन्थ्यो!

४. विश्वव्यापी परिषद्हरू (धर्मसभाहरू)

(१) ८ वटा पूर्वीय र १३ वटा पश्चिमी परिषद्हरू

बिशपहरूको बढ्दैगएको शक्तिले सबै परिषद्हरूमा अधिकार जमाउन थाल्यो। विश्वव्यापी परिषद्हरू र प्रान्तीय धर्मसभाहरू समानान्तरूपमा विकास हुँदैगयो। एक्काइसौँ शताब्दीसम्म आइपुग्दा ८ वटा पूर्वीय परिषद्हरू अनि १३ वटा पश्चिमी परिषद्हरू आयोजना भएका छन्; र यसरी दुबै गरी जम्मा २१ वटा परिषद्हरू[81] हुन आउँछ। निम्नलिखित पहिलो ८ वटा पूर्वीय परिषद्हरू रोमको राजनैतिक सम्राटद्वारा बोलाइएको थियो : (१) नाइसिया प्रथम (इ.सं. ३२५), (२) कन्स्टाण्टिनोपल प्रथम (इ.सं. ३८१), (३) एफिसस (इ.सं. ४३१), (४) काल्सेदोन (इ.सं. ४५१), (५) कन्स्टाण्टिनोपल द्वितीय (इ.सं. ५५३), (६) कन्स्टाण्टिनोपल तृतीय (इ.सं. ६८०-६८१), (७) नाइसिया द्वितीय (इ.सं. ७८७), र (८) कन्स्टाण्टिनोपल चौथो (इ.सं. ८६९-८७०)।

(२) ३ वटा सुधारिएको परिषद्हरू

पूर्वीय मण्डली र पश्चिमी मण्डली विभाजन नभएसम्म विश्वव्यापी परिषद्हरूमा पोपको प्रभाव बढ्दैगयो र इ.सं. १२०४ मा पश्चिमी धर्मयोद्धाहरूले (western crusaders) कन्स्टाण्टिनोपलमा लुट मच्चाएपछि त्यो अन्त भयो। सुधारिएको परिषद्हरू भनेर यी परिषद्हरूलाई चिनिन्छ : (१) पिसाको १६औँ परिषद् (इ.सं. १४०७), (२) कन्स्टान्जको १७औँ परिषद् (इ.सं. १४१४-१४१८)[82], र (३) बासिलको १८औँ परिषद् (इ.सं. १४३१-१४४३)। ती सुधारिएका परिषद्हरूले पोपको (रोमको बिशपको) शक्तिलाई तोडेर बिशपहरूको परिषद्लाई पोपभन्दा माथि राख्ने कोसिस गऱ्यो। इसाई चर्चको लागि दुर्भाग्यको कुरा के भयो भने तहगत अगुवापनको सिद्धान्त विजयी भयो र रोमको बिशपलाई (पोपलाई) अरू सबै बिशपहरूभन्दा माथि राखियो!

(३) ट्रेण्टको सुधार-विरोधी परिषद् र भ्याटिकनको पहिलो परिषद्

इ.सं. १५१७ मा मार्टिन लुथर इसाई जगतमा सुरु गरेको सुधारवादको अभियानले प्रोटेस्टेण्ट चर्चको जन्म भयो। (१) ट्रेण्ट भन्ने ठाउँमा पश्चिमी चर्चले (रोमन क्यालिक चर्चले) आयोजना गरेको २१औँ परिषद् (इ.सं. १५४५-१५६३) सुधार-विरोधी परिषद् थियो। (२) २२औँ परिषद्चाहिँ रोमको भ्याटिकन सहरमा आयोजना गरिएको थियो (इ.सं. १८६९-१८७०)। जेसुइटस् (Jesuits) व्यवस्थाको ठूलो प्रभावले गर्दा, उक्त परिषद्ले इ.सं. १८७९, जुलाइ १८ तारिखको दिन "पोपको अचुकता" (the infallibility of the pope) भन्ने सिद्धान्तलाई पारित गरियो र सबै रोमन क्यालिकहरूले त्यसलाई विश्वास गर्नुपर्ने भयो! त्यसपछि भविष्यका परिषद्हरूले गर्ने सबै निर्णयहरू पोपद्वारा समर्थन र मञ्जुरी गरिनुपर्ने भयो!

घ. धर्माध्यक्षहरू, प्राचीनहरू र पोपहरूको ऐतिहासिक विकास (तहगत उच्चता- शीर्ष स्थान) (इ.सं. ३२५- ६००)

परिषद्हरूमा बिशपहरूको बीचमा हुने शक्ति सङ्घर्ष भनेको बिशपहरूमध्ये सबैभन्दा ठूलो र महत्वपूर्ण बिशप को हो भन्ने बारेमा हुन्थ्यो। यसरी संसारमा सिजरहरूको बीचमा हुने अनात्मिक शक्ति सङ्घर्ष झैँ चर्चमा बिशपहरूको बीचमा हुने अनात्मिक शक्ति सङ्घर्ष हुन थाल्यो!

[81] See www.catholicism.org/the ecuminical councils of the Roman Catholic Church. It also contains a summary of all the dogma's that had been formulated and the (so-called) false teachings which had been condemned at these councils.

[82] Counsel of Constanz. Read what happened at this council (e.g. in "Christelijke Encylopaedie", Kok Kampen, 1925).

१. ऐतिहासिक विशेषताहरू

सुरुका दुई शताब्दीहरूमा इसाईहरूले रोमी सिजरहरूद्वारा सतावट पाए। तर इसाई धर्म वृद्धि हुँदै गएको र सांसारिक धर्महरू कमजोर हुँदै गएकोले सिजर कन्स्टाण्टिनले इसाईहरूलाई सुरक्षा दिने प्रतिज्ञा गरे। उसले आफ्ना सहकर्मीहरूसँग मिलेर इ.सं. ३१३ मा मिलानमा यस्तो आदेश जारी गरे, कि रोमी साम्राज्यभरि इसाई धर्म र अरू धर्महरूको स्थान बराबर हुनेछ। इ.सं. ३०६ र ३२३ को बीचमा दुई जना अगुस्टा मरे अनि अरू तीन अगुस्टा (Maxentius, Maximinus and Lucinius) पराजित भए। आफ्नो विजयको निम्ति कन्स्टाण्टिनले इसाईहरूको परमेश्वरलाई श्रय दिए र इ.सं. ३२३ मा तिनी इसाई बने। तथापि, तिनी कहिले पनि चर्चको सेवामा गएनन् र उसको सिक्काको दुई भागमा ख्रीष्ट र अपराजेय सूर्य-देवताको चित्रलाई राखे। इ.सं. ३२३ देखि इसाई धर्म राष्ट्रिय धर्म बन्यो र कन्स्टाण्टिनले आफूलाई चर्चको बाहिरी मामिलाहरूमा बिशप घोषणा गऱ्यो। इ.सं. ३२६ मा तिनले बिजान्टियमलाई इसाई जगतको साम्राज्यको राजधानी बनाए र पछि त्यसको नाउँ कन्स्टाण्टिनोपल भनी परिवर्तन गरे (पछि त्यही ठाउँ स्तानबुल भयो)। इ.सं. ३३० मा तिनले पश्चिमको रोममा अवस्थित आफ्नो राजनैतिक केन्द्रलाई पूर्वको कन्स्टाण्टिनोपलमा सारे। सायद रोमको सांसारिक (heathen) परिवारहरूको दवावको कारण तिनले त्यसो गरेको हुनसक्छ।

संसार चर्चतिर बढिरहेको तेस्रो र चौथो शताब्दीको उक्त समयमा साधारण मानिसहरू गिर्जाघरको पादरीहरूको बीचमा भिक्षु अथवा साधु बन्ने व्यवस्थाको जन्म भयो। तत्कालीन साधारण इसाईहरूले परमेश्वरको नैतिक नियमहरू पालन गर्नुपर्थ्यो भने ती भिक्षु अथवा साधुहरूले चाहिँ आफ्नो स्वेच्छाले उपवास र ब्रह्मचर्यलाई पालन गरी त्यसमा बाँधिनुपर्थ्यो।

इ.सं. ४५० तिर पश्चिमका थोरै मानिसहरूले ग्रीक पढ्न सक्थे भने इ.सं. ६०० तरि पूर्वका थोरै मानिसहरूले ल्याटि भाषा बोल्थे। तत्कालीन राजनैतिक रङ्गमञ्चलाई हेर्ने हो भने दुई वटा शक्तिशाली साम्राज्यहरू उत्पन्न भए : पूर्वीय रोमी साम्राज्य, जसको राजधानी कन्स्टाण्टिनोपल थियो (इ.सं. १४५३ सम्म) र पश्चिमी रोमी साम्राज्य, जसको राजधानी रोम थियो (इ.सं. ४७६ सम्म)। ती शताब्दीहरूमा पूर्वको ग्रीक भाषा बोल्ने चर्च र पश्चिमको ल्याटिन भाषा बोल्ने चर्च उद्देश्यबिना नै एक-आपसबाट अलग भएका थिए।

इ.सं. ३२५ देखि ६०० सम्मको अवधिमा इसाई चर्चमा तीन वटा विकासहरूले स्थान पाए :

- शिक्षामा, इसाई सिद्धान्तको विकास
- आराधना सेवामा, इसाई समारोहहरूको बाहिरी प्रकटिकरण
- अगुवापनमा, इसाई तहगत नेतृत्वको विकास

२. धर्माध्यक्षहरू

ठूला सहरहरूका बिशपहरूलाई "धर्माध्यक्ष्यहरू" (metropolitans) भनिन्थ्यो। येशू ख्रीष्टका प्रेरितहरूले स्थापना गरेका मण्डलीहरूमा ती धर्माध्यक्षहरूले उहाँहरूभन्दा अझै उच्च प्रतिष्ठा प्राप्त गरे। ती धर्माध्यक्षहरू यी सहरहरूमा थिए : (१) प्यालेस्टाइनको यरूशलेम, (२) सिरियाको एण्टियोक, (३) टर्कीको एफिसस, (४) ग्रीसको कोरिन्त, (५) इटालीको रोम, र (६) इजिप्टको अलेक्जेण्ड्रिया सहर।

३. प्रचीनहरू

नाइसियाको परिषद्ले (इ.सं. ३२५) (१) पश्चिमको रोमको धर्माध्यक्ष, (२) दक्षिणको अलेक्जेण्ड्रियाको धर्माध्या, र (३) पूर्वको एण्टियोकको धर्माध्यक्षलाई अरू धर्माध्यक्षहरूभन्दा माथि राखी "प्राचीनहरू" (patriachs) भन्ने उपाधि दियो।

कन्स्टाण्टिनोपलको प्रथम परिषद्ले (इ.सं. ३८१) कन्स्टाण्टिनोपलको धर्माध्यक्षलाई प्राचीनहरूको सूचिमा थप्ने काम गऱ्यो भने, त्यसैगरी एफिससको परिषद्ले (इ.सं. ४३१) यरूशलेमको धर्माध्यक्षलाई प्राचीनहरूको सूचिमा थप्यो। यसरी प्राचीनहरूको जम्मा सङ्ख्या पाँच हुन पुग्यो : रोमको प्राचीन, अलेक्जेण्ड्रियाको प्राचीन, एण्टियोकको प्राचीन, कन्स्टाण्टिनोपलको प्राचीन र यरूशलेमको प्राचीन। त्यतिबेला यो नै चर्चमा सबैभन्दा माथिको कार्यभार थियो।

४. पोपहरू

(१) पोप

बिस्तारै नाम र ख्यातिको निम्ति पश्चिमको रोमको प्राचीन र पूर्वको कन्स्टाण्टिनोपलको प्राचीनको बीचमा प्रतिस्पर्धा हुनथाल्यो। इ.सं. ४७६ मा पश्चिमी रोमी साम्राज्यको पतन भएपछि रोमको बिशपहरू "प्राचीन" भन्ने पदसँग त्यति सन्तुष्ट भएनन्। तिनीहरूले निम्नलिखित तीन वटा तर्कहरूद्वारा इसाई चर्चमा सबैभन्दा उच्च स्थान र ठूलो महत्वको कार्यभारको निम्ति आवाज उठाए :

- तिनीहरूले आफ्नो अपिलमा मत्ती १६:१८-१९ लाई यसरी व्याख्या गरे, कि येशूले आफ्ना प्रेरितहरूमध्ये पत्रुसलाई सबैभन्दा उच्च स्थान दिएका हुन्।
- तिनीहरूले ऐतिहासिक तथ्यअनुसार अपिल गरे, कि प्रेरित पत्रुस र प्रेरित पावल दुवैजना रोममा बसेका थिए अनि त्यहाँ काम गरेका थिए।
- र तिनीहरूले मण्डली परम्परालाई अपिल गरे, कि प्रेरित पत्रुस रोमको पहिलो बिशप थिए।

कन्स्टाण्टिनोपलमा प्राचीनहरू उक्त पदमा नियुक्ति र रोमी सिजरहरूको खेलौनाभन्दा बढी केही थिएनन्। तिनीहरू केवल राजनैतिक अगुवाहरूको औजारहरू थिए। यसरी, रोमले प्राचीनहरूको पाँच वटा स्थानहरूमा अति आदरणीय स्थान (Latin: primatus honoris) मात्र प्राप्त गरेन, तर अन्तम त्यसले प्राचीनहरूको माझमा पूर्णरूपमा सबैभन्दा उच्च स्थान (Latin: primatus ordinis) पनि प्राप्त गऱ्यो। तिनीहरूले त्यसलाई ईश्वरीय हक ठाने किनभने तिनीहरूले मत्ती १६:१८-१९ लाई उल्लेख गरे। यसरी राजनीति र धर्मबीचको उक्त शक्ति सङ्घर्षमा सिजरले पूर्वमा जित्यो, तर पश्चिममा चाहिँ प्राचीनले जित्यो!

(२) राजतन्त्रीय अगुवापन (The monarchical episcopate)

पोप इन्नोसेन्ट (इ.सं. ४०१-४१७) भन्ने रोमको बिशपले अहंकारसाथ संसारको अरू सबै बिशपहरूभन्दा आफूसँग ठूलो अधिकार छ भनी दाबी गरे। यसरी पश्चिमी रोमी साम्राज्यको चर्च (रोमन क्याथोलिक चर्च) राजतन्त्रीय अगुवापन भएको चर्च हुनपुग्यो - त्यो संसारभरिका बिशपहरूको समूहको एउटा शिर बन्यो, जसमा रोमको बिशपसँग चर्चको सबैभन्दा ठूलो अधिकार हुन्थ्यो र पछि त्यही व्यक्ति (धर्माध्यक्ष, प्राचीन) पोप बन्यो।

रोमको बिशपहरू आफूले आफैलाई "पापा" (पोप) भन्ने पद दिए, जसको अर्थ पिता हुन्छ (तर येशूले मत्ती २३:९ मा के भन्नुहुन्छ ध्यान दिनुहोस्)। सुरुमा सबै बिशपहरूलाई "पापा" भनेर सम्बोधन गरिन्थ्यो, तर अब यो पद अन्तमा आएर केबल पोपको निम्ति सुरक्षित बनाइएको छ।

(३) पोपतन्त्र (सबैभन्दा ठूलो पूजाहारी र सबैभन्दा ठूलो शासक)

- पोपसँग आत्मिक र सांसारिक दुबै क्षेत्रमा सबै भन्दा ठूलो अधिकार छ भनी रोमन क्याथोलिक चर्चले दाबी गर्छ। पोप ग्रेगरी प्रथमलाई (इ.सं. ५९०-६१५) पोपतन्त्रको सांसारिक शक्तिको संस्थापक भनिन्छ। पोपलाई आत्मिक कुरामा मात्र ठूलो शक्ति भएको व्यक्ति मानिँदैन, तर सांसारिक कुरामा पनि ठूलो शक्ति भएको व्यक्ति ठानिन्छ! यसरी पोपले येशू ख्रीष्टसँग मात्र भएको स्थान लियो!

जे जस्तो भए तापनि, त्यस किसिमको दाबी येशू ख्रीष्टले मात्र गर्नुहुन्छ! यसबारेमा बाइबलले यसरी बताउँछ, " जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो (Greek: kephalen huper panta)" (एफिसी १:२०-२२)!

- पोप सम्पूर्ण इसाई चर्चको विश्वव्यापी बिशप हो भनी रोमन क्याथोलिक चर्चले दाबी गर्छ। भ्याटिकनको पहिलो परिषद्देखि मात्र (इ.सं. १८७०) रोमको बिशपलाई (पोपलाई) "सम्पूर्ण इसाई चर्चको विश्वव्यापी बिशप" मान्न थालियो। यो दाबी सुधारवादपछि स्थापना भएका मण्डलीहरूको विरुद्धमा आरम्भ भएको थियो! यसरी पोपले पनि बिशपको रूपमा येशू ख्रीष्टको स्थान लियो। बाइबलले भन्दछ, "किनभने तिमीहरू भेड़ाहरूझैँ बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ (Greek: episkopos, English: Bishop) फर्किआएका छौ" (१ पत्रुस २:२५)।
- पोप सम्पूर्ण इसाई चर्चको गोठालो हो भनी रोमन क्याथोलिक चर्चले दाबी गर्छ। पोपलाई सारा इसाई चर्चको गोठालो हो भनेर पनि ठानिन्छ। यसरी पोपले मुख्य गोठालोको रूपमा येशू ख्रीष्टको स्थान लियो। बाइबलले भन्दछ, "जब मूल गोठालो (Greek: archi-poimenos) प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ" (१ पत्रुस ५:४) (यूहन्ना १०:१६; हिब्रू १३:२०; १ पत्रुस २:२५ हेर्नुहोस्)!
- पोप पृथ्वीमा ख्रीष्टको प्रतिनिधि हो भनी रोमन क्याथोलिक चर्चले दाबी गर्छ। पोपलाई पृथ्वीमा ख्रीष्टको प्रतिनिधि हो भनेर पनि ठानिन्छ। यसरी पोपले पृथ्वीमा येशू ख्रीष्टको प्रतिनिधिको (Greek: parakletos) रूपमा पवित्र आत्माको स्थान लियो। येशूले भन्नुहुन्छ, " र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ ... तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ" (यूहन्ना १४:१६-१७,२६) (रोमी ८:९-१० सँग दाँज्नुहोस्)! " तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु ... सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ ... उहाँले मेरो महिमा गर्नुहुनेछ (पोपजस्तो मानिसले होइन), किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनेँ, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ" (यूहन्ना १६:७-१५)।
- "रोमन क्याथोलिक चर्चभन्दा बाहिर मुक्ति छैन" भनी रोमन क्याथोलिक चर्चले दाबी गर्छ। माथिका दाबीहरूको आधारमा रोमन क्याथोलिक चर्चले दाबी गर्छ, कि उनीहरूको चर्चभन्दा बाहिर रहेर मुक्ति पाउन सम्भव छैन। यसरी रोमन क्याथोलिक चर्चले एक मात्र मुक्तिदाताको रूपमा पनि येशू ख्रीष्टको स्थान लियो। येशूल भन्नुहुन्छ, "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक अरू कोहीद्वारा पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६)। अनि प्रेरितहरूले भने, " अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२)! " परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो" (१ कोरिन्थी १:३०)। रोमन क्याथोलिक चर्च येशू ख्रीष्ट, प्रेरितहरू र बाइबलप्रति अनाज्ञाकारी रहुन्जेल उक्त चर्चले संसारका अरू इसाई चर्चहरूलाई कहिले पनि औपचारिकरूपमा स्वीकार गर्न सक्दैन!

सबै साँचो इसाई चर्चहरूले यी कुराहरूलाई स्वीकार गर्दछन्:
- येशू ख्रीष्ट पृथ्वीको सम्पूर्ण इसाई चर्चको प्रभु हुनुहुन्छ (१ कोरिन्थी १२:३), मुक्तिदाता हुनुहुन्छ (मत्ती १:२१; लूका २:११), गोठालो हुनुहुन्छ अनि बिशप हुनुहुन्छ (१ पत्रुस २:२५), प्रेरित हुनुहुन्छ र प्रधान पूजाहारी हुनुहुन्छ (हिब्रू ३:१)। येशू ख्रीष्ट बाहेक अरू कोहीमा मुक्ति छैन। पवित्र आत्मा पृथ्वीमा येशू ख्रीष्टको प्रतिनिधि हुनुहुन्छ!

ङ. इसाई सम्प्रदायहरूको ऐतिहासिक विकास
(पूर्वीय अर्थोडक्स चर्च र पश्चिमी रोमन क्याथोलिक चर्चबीचको बिभाजन) (इ.सं. ६००-१५१७)

१. पूर्वीय र पश्चिमी चर्चबीचको मनमुटाउ

मध्यकालिन युग इ.सं. ६०० देखि १५१७ सम्म रह्यो। यो अवधिको पहिलो शताब्दीतिरको समयमा पश्चिमी ल्याटिन चर्च र पूर्वीय ग्रीक चर्चको बीचमा मनमुटाउ उत्पन्न भयो। उक्त मनमुटाउले अन्तमा इ.सं. १२०४ मा तिनीहरूलाई स्थायीरूपमा विभाजनतिर डोऱ्यायो।

(१) रोममा प्रेरितीय कार्यक्षेत्र

पहिलो शताब्दीमा येशू ख्रीष्टका प्रेरितहरूले थुप्रै स्वतन्त्र चर्चहरू स्थापना गरेका थिए (ती चर्चहरू आफै प्रचार गर्ने (self-propagating), आफैलाई सहायता गर्ने (self-supporting) र आफैले शासन (self-governing) गर्ने किसिमका थिए)।

तैपनि, दोस्रो शताब्दीदेखि चौथो शताब्दीसम्म चर्चले बिशपहरू र बिशपहरूको परिषद्हरू भएको तहगत अगुवापनको संरचना विकास गऱ्यो। पूर्वीय रोमी साम्राज्यको बिशपहरूको माझमा समानताको बलियो भावना थियो, तर पश्चिमी रोमी साम्राज्यमा चाहिँ एउटा बिशपले नै सबैलाई शासन गर्न चाहन्थ्यो। सुरु-सुरुका परिषद्हरूमा पूर्वीय बिशपहरू पश्चिमी बिशपहरूभन्दा बढी सक्रिय थिए। जे भए तापनि पश्चिमी चर्चले विश्वव्यापी परिषद्हरूको निर्णयहरूलाई स्वीकार गर्थे। पूर्वीय बिशपहरू बढी मात्रामा सामुहिक महाविद्यालयजस्ता थिए भने रोमको बिशपले चाहिँ राजतन्त्रीय ढङ्गमा काम गर्थे। पश्चिमी रोमी साम्राज्यको पोपले आफूलाई सबै बिशपहरूको पनि बिशप हुँ भनी दाबी गर्न थाले (जसको मतलब आर्कबिशप अथवा पहिलो बिशप हो)। यसरी रोम "आर्कबिशप" अथवा "सबैभन्दा ठूलो बिशपको"[83] स्थान छ भन्ने ठानिन थाल्यो, किनभने पत्रुस र पावलजस्ता प्रेरितहरूले त्यहाँ परिश्रम गरेका थिए।

(२) पूर्वमा सम्राटको राजतन्त्र

पृथ्वीमा बिजान्टियम (कन्स्टाण्टिनोपल अथवा स्तानबुल) भन्ने ठाउँको रोमी सम्राटको राजतन्त्रलाई स्वर्गमा परमेश्वरको राजतन्त्रको प्रतिमा (ग्रीक शब्द "स्वरूप") ठानियो। पूर्वीय रोमी साम्राज्यको सम्राटलाई पृथ्वीमा परमेश्वरको प्रतिनिधि ठानियो। पूर्वीय चर्चका मानिसहरूले चर्चहरूमा ख्रीष्टको (स्वर्गको राजाको) प्रतिमारूपी चित्रको सामु लम्पसार परेर दण्डवत् गर्थे भने सम्राटको दरबारमा चाहिँ सम्राटको (पृथ्वीमा राजाको) जीवित प्रतिमाको सामु लम्पसार परेर तिनलाई दण्डवत् गर्थे।

पूर्वमा त्यतिबेला पूर्वीय चर्च र रोमी राज्यको बीचमा तिनीहरूलाई अलग गर्ने कुनै कडा रेखा थिएन। चर्च र राज्य दुबैलाई एउटै जीव ठानिन्थ्यो। पूर्वीय चर्चले (बिशपहरू अथवा प्राचीनहरूद्वारा) मानिसहरूका प्राणको (आत्माको) वास्ता गर्थ्यो भने बिजान्टियमको रोमी सम्राटले (पृथ्वीमा परमेश्वरको प्रतिनिधि भएर) मानिसहरू शरीरको वास्ता गर्थे। रोमी सम्राटले परिषद्हरू डाक्थ्यो, बिशपहरूले चाहिँ मानिसहरूले के विश्वास गर्नुपर्थ्यो भनी साँचो विश्वासलाई निर्णय गर्थे अनि रोमी साम्राज्यले परिषद्हरूको निर्णयहरूलाई पूरा गर्थ्यो!

(३) पश्चिममा पोपको तानाशाही कार्यहरू

पश्चिममा भएका बर्बरतापूर्ण आक्रमणहरूले पश्चिमी रोमी साम्राज्यलाई पतनतिर डोऱ्यायो र त्यसले केबल पश्चिमी चर्चको तानाशाही संरचनालाई बलियो तुल्याउन सहायता गऱ्यो। सम्राटले रोमबाट शासन नगरेकोले गर्दा रोमको पोपले आत्मिक तथा राजनैतिक क्षेत्रमा अधिकार जमाउन थाल्यो।

मध्य युगको समयमा थुप्रै युरेपेली जातिहरू (Germanic Tribes) पश्चिमी चर्चमा थिपिए।

- एकातर्फ, तत्कालिन जनसमुदायले राज्य चर्चको चाहना गर्थ्यो - जसको मतलब एउटा राज्यमा एउटा चर्च हो।
- अर्कोतर्फ, पोपहरूले चाहिँ चर्च राज्यको चाहना गर्थे - जसको मतलब संसारको कुनै एउटा राज्यमा रोमको एउटा चर्चले शासन गर्नुपर्ने थियो।

पोपहरूले चर्च र राज्य दुवै क्षेत्रमा शासन गर्न चाहन्थे। तर पश्चिममा पोपलाई अझै पृथ्वीमा परमेश्वरको प्रतिनिधि मानिएको थिएन! त्यसैले गर्दा एकातर्फ पश्चिमी राजनैतिक शासकहरू र एर्कातर्फ पश्चिमी मण्डलीका पोपहरूको बीचमा निरन्तर सङ्घर्ष चलिरह्यो।

(४) पश्चिममा पादरीहरू अनि साधारण विश्वासीहरू

[83] Greek: archi-episkopos. A "see of an archbishop" is the bishopric of an archbishop, some who has been appointed above all bishops.

पूर्वमा थुप्रै साधारण इसाईहरू शिक्षित मानिसहरू थिए र तिनीहरू सामान्य खालका ईश्वरशास्त्रीहरू थिए। तिनीहरूले ईश्वरशास्त्र पढ्थे, लेख्थे र सिकाउँथे। तर पश्चिममा भएको बर्बरतापूर्ण आक्रमणको नतिजास्वरूप त्यहाँका प्रायजसो साधारण मानिसहरूले लेखपढ गर्न पनि सक्दैनथे। त्यही कारणले गर्दा तिनीहरूले ईश्वरशास्त्रीय विषयहरू बुझ्न सकेनन्। पश्चिममा शिक्षा र ईश्वरशास्त्र पश्चिमी चर्चको पूजाहरीहरूको लागि मात्र सुरक्षित राखिएको थियो। यसप्रकार पश्चिमी चर्चमा शिक्षित पादरीहरू र अशिक्षित साधारण मानिसहरूबीचको विभाजन विकास भयो।

(५) पूर्व र पश्चिम जगतमा ईश्वरशास्त्रीय विकास

पूर्वीय ग्रीक चर्च बढी मात्रामा विचारशील हुनथाल्यो भने पश्चिमी ल्याटिन चर्च बढी मात्रामा व्यवहारिक हुन थल्यो। पूर्वीय ग्रीक चर्चले ईश्वरशास्त्रलाई आराधना र धार्मिक विधिको रूपमा बुझ्यो भने पश्चिमी ल्याटिन चर्चचाहिँ रोमी व्यवस्थाबाट सुरु भएको वैधानिक अवधारणाबाट प्रभावित भएको थियो।

त्रिएकको बारेमा विचार गर्दा, पूर्वीय ग्रीक चर्चले ईश्वरीय प्राणी अथवा ईश्वरीय स्वावको[84] तीन भागबाट सुरु गऱ्यो भने पश्चिमी रोमी चर्चले ईश्वरत्वको एकताबाट सुरु गऱ्यो।

क्रूसको बारेमा विचार गर्दा, पूर्वीय ग्रीक चर्चले प्राथमिकरूपमा ख्रीष्टलाई विजयी (पुनरुत्थान भएको) सोच्यो भने पश्चिमी रोमी चर्चले प्राथमिक पीडित (प्रायश्चितको बलिदानस्वरूप क्रूसमा चढाइएको) सोच्यो।

पूर्वीय ग्रीक चर्चले बढी मात्रामा ईश्वरत्वको रूपमा (ख्रीष्टलाई सर्वशक्तिमान परमेश्वरको रूपमा) (Greek: pantakrator) कुरा गऱ्यो भने पश्चिमी रोमी चर्चले बढी मात्रामा छुटकाराको बारेमा (ख्रीष्ट मुक्तिदाता हुनुहुन्छ) कुरा गऱ्यो।

सिद्धान्त र जीवनको सन्दर्भमा पूर्वीय चर्चले सबै बिशपहरूको परिषद्हरूले पारित गरेको सैद्धान्दिक निर्णयहरू स्वीकार गर्थे भने पश्चिमी चर्चले तिनीहरूको पोपहरूको अचुकपनालाई नै आफ्नो विशेष अधिकार बनाए।

(६) पश्चिमी पोपको विश्वव्यापी शक्तिको दाबी

पश्चिमी चर्चको केन्द्रीकित र राजतन्त्रिक संरचनाले पहिले पोपलाई पश्चिममा आफ्नो पूर्ण शक्तिको दाबी गर्नेतिर डोऱ्यायो। तर जब पश्चिमका पोपहरूले पूर्वमा पनि आफ्नो पूर्ण शक्तिको दाबी गर्न थाल्यो, तब समस्या खडा हुन वाध्य भयो।

(७) पश्चिमी पोपहरूका केही दाबीहरू

- पोप इन्नोसेन्ट प्रथमले (Pope Innocent I, 401-417 AD) आफूसँग संसारको अरू सबै बिशपहरूको भन्दा उच्च अधिकार छ भनी दाबी गरे अनि तिनले आफ्नो पद "पाप" बनाए (जुन पोप हो, जसको अर्थ पिता हो) (तर मत्ती २३:९ सँग तुलना गर्नुहोस्)।
- पोप ग्रगोरी प्रथमले (Pope Gregory I, 590-615 AD) दाबी गरे, कि पोपसँग आत्मिक कुराहरूको मात्र उच्च अधिकार हुने होइन, तर उसँग सांसारिक कुराहरूको पनि उच्च अधिकार छ (तर मत्ती २८:१८ सँग तुलना गर्नुहोस्)।
- पोप निकोलस प्रथमले (Pope Nicolas I, 858-867 AD) रोमको प्राचीनको शक्तिलाई यति माथि पुऱ्यायो, कि त्यो चर्चभित्र अरू चार प्राचीनहरू र अरू सबै धर्माध्यक्षहरूभन्दा (आर्कबिशपहरूभन्दा) माथि अनि चर्चबाहिर सबै सिजरहरूको शक्तिभन्दा माथि थियो।
- पोप नोकोलस द्वितीयले (Pope Nicolas II, 1059 AD) नयाँ पोप चुन्ने अधिकार "कार्डिनलहरूलाई" सुम्पिए, जसमा रोम सहरमा बस्ने ६ जना बिशपहरू, ५० जना पूजाहारीहरू र १४ जना डिकनहरू थिए।
- पोप ग्रगोरी सातौँले (Pope Gregory VII, 1073-1085) चर्चलाई संसारबाट अलग गर्ने प्रचलन कायम गरे: तिनले साधु अथवा सन्यासीवादको आदर्शलाई चर्चमा लागु गरे; चर्चको सबै कार्यभारहरूमा बिशपहरू र उच्च पदहरूका व्यक्तिहरूले ब्रह्मचर्य पालन गर्नुपर्ने नियम लागु गरे; विवाहित पूजाहारीहरूलाई सेवाबाट निकालियो। राजनैतिक व्यक्तिहरू अथवा संसारिक मानिसहरूले पूजाहारीहरू नियुक्त गर्न नपाउने भयो। तिनले चर्च-राज्यद्वारा विश्वव्यापी ईश्वरतन्त्र स्थापित गर्ने कोसिस गरे, जसमा पोपले (सूर्यको प्रतीकको रूपमा) पृथ्वीमा ख्रीष्टको स्थान लिएर सबै राजाहरूमाथि (चन्द्रमाको प्रतीक) शासन गर्थ्यो।

[84] Greek: hupostasis

- पोप इन्नोसेन्ट तृतीयले (Pope Innocent III, 1215 AD) पोपले आफ्नो पवित्र सिंहासनबाट घोषणा गरेको कुराहरूलाई विशेष अधिकारस्वरूप अचुक नयाँ सिद्धान्त हो भनी व्याख्या गरे। "एक विश्वव्यापी चर्च विश्वासयोग्य छ र त्योभन्दा बाहिर कोही पनि बचाइँदैन" भन्ने भनाइलाई तिनले समर्थन गरे।
- पोप इन्नोसेन्ट चौथोले (Pope Innocent IV, 1243-1254) रोमी कार्डिनलहरूलाई संसारको अरू सबै बिशपहरूभन्दा माथि राखे। त्यसको सम्मानपूर्ण चिन्हस्वरूप तिनीहरूले रातो टोपी लगाउँथे।
- पोप बोनिफेस आठौँले (Pope Boniface VII, 1294-1303 AD) "उनम स्याङ्टम" (Unam Sanctam, 1302) भन्ने आदेश जारी गरे, जसअनुसार सांसारिक तरवार र सांसारिक शक्ति आत्मिक तरवार र आत्मिक शक्तिको अधिनमा हुनुपर्छ। तिनले यो पनि घोषणा गरे, कि मुक्तिको लागि पोपको पूर्ण शक्तिमाथिको विश्वास आवश्यक पर्छ!

(८) पोपको शक्तिलाई सीमित पार्न परिषद्हरू असफल भए

पश्चिमी चर्चको पोपको प्रभाव पूर्वीय र पश्चिमी चर्च विभाजन नभएसम्म झन्झन् ठूलो हुँदै गयो। सन् १२०४ मा पूर्वेली धर्मयोद्धाहरूले कन्स्टान्टिनोपलमाथि लुटपाट मच्चाएपछि त्यसको अन्त भयो।

- लियोन्स द्वितीयको १४औँ परिषद् (इ.सं. १२७४) - त्यतिबेला पश्चिमी परिषद्हरू विश्वव्यापी रहेनन् किनभने लियोन्स द्वितीयको १४औँ परिषद्पछि पश्चिमी रोमन क्याथोलिक चर्च पूर्वेली अर्थोडक्स चर्चहरूलाई परिषद्हरूमा सहभागी गराउन असफल भए!
- सुधारिएको (परिष्कृति) परिषद्हरू - यी परिषद्हरूलाई सुधारिएको भनिन्छ: नचिनिएको पिसाको परिषद् (इ.सं. १४०९), कन्स्टान्जको (भियनाको) १६औँ परिषद् (इ.सं. १४१४-१४१८) र फ्लोरन्सको (बासिलको) १७औँ परिषद् (इ.सं. १४३१-१४४३)। ती सुधारिएका परिषद्हरूले पोपको शक्तिलाई तोडेर बिशपहरूलाई उभन्दा माथि राख्ने कोसिस गऱ्यो। दुर्भाग्यवश त्यो प्रयास असफल भयो अगुवापनमा तहगत सिद्धान्तको हात माथि पऱ्यो।

(९) पोपको पूर्ण शक्ति

इ.सं. १५१७ मा जर्मनीको मार्टिन लुथरले सुरु गरेको सुधारवादको अभियानद्वारा प्रोटेस्टेण्ट मण्डलीहरू सुरु भए। बाइबलको सही व्याख्या अचुक छ भन्ने कुरालाई मात्र प्रोटेस्टण्टहरूले पक्रन्छन्।

- ट्रेण्टको १९औँ परिषद् (इ.सं. १५४५-१५४९) - यो परिषद् सुधारवाद विरोधी परिषद् थियो। यसले लुथर, क्याल्भिन र अरूहरूको शिक्षा-सिद्धान्तलाई झूटा हुन् भनी दोष लगायो। यसले युखारिस्ट, The Holy Sacrifice of the Mass, बप्तिस्मा र प्रभुभोजजस्ता पवित्र धार्मिक विधिहरू अनि विवाह, पुर्गाटरी, पाप क्षमा र प्रतिमाहरूको प्रयोगसम्बन्धी मापदण्डहरू तोक्यो।
- रोमको भ्याटिकन प्रथमको २०औँ परिषद् (इ.सं. १८६९-१८७०) - सन् १८७० जुलाइ १८ तारिखको दिन जुसिइट अर्डरको अधिनमा रही यो परिषद्ले "पोपको अचुकपनालाई" घोषणा गऱ्यो, र सबै परिषद्हरूको निर्णयहरूलाई पोपले मञ्जुरी गर्नुपर्ने भयो! पोपको अचुकपनालाई यस्तो सिद्धान्त बनाइयो, कि रोमन क्याथोलिक चर्चको सबै सदस्यहरूले त्यसलाई विश्वास गर्नैपर्दथ्यो! पूर्वीय चर्चको प्राचीनहरूले (उच्च स्तरको बिशपहरूले) त्यो कुराहरूलाई तिनीहरूको विश्वासको सार (इसाई सिद्धान्त र जीवन) बनाए, कि अन्तिम निर्णय इसाई मण्डलीको सबै बिशपहरूको प्रतिनिधित्व गर्ने परिषद्मा निहित हुन्थ्यो।

भ्याटिकनको पहिलो परिषद्देखि नै रोमन क्याथोलिक चर्चको सदस्यहरूले पोपलाई "सम्पूर्ण इसाई चर्चको गोठालो र विश्वव्यापी बिशप" ठान्दछ। यो घोषणा प्रेरित पत्रुसले बाइबलमा सिकाउनुभएको शिक्षाको विरुद्धमा छ। तिनले भनेका छन् कि येशू ख्रीष्ट नै चर्चको गोठालो (पास्टर) र देखरेख गर्ने (बिशप) हुनुहुन्छ (१ पत्रुस २:२५; १ पत्रुस ५:४)! यसरी बाइबलको उलङ्घन गर्दै पोपले चर्चको गोठालो र बिशपको रूपमा येशू ख्रीष्टको स्थान लियो!

रोमन क्याथोलिक चर्चले आफूलाई पृथ्वीमा ख्रीष्टको प्रतिनिधि पनि ठान्दछ। पवित्र आत्माको बारेमा येशू स्वयम् ख्रीष्टले भन्नुहुने कुरालाई यस भनाइले उल्लङ्घन गर्दछ। उहाँले भन्नुहुन्छ, "म तिमीहरूलाई टुहुरो छोड्नेछैन; म तिमीहरूकहाँ आउनेछु।" यो अर्को सल्लाकार (प्रतिनिधि) सधैँ तिमीहरूसँग हुनुहुनेछ र तिमीहरूमा नै हुनुहुनेछ। मैले भनेका हरेक थोक उहाँले तिमीहरूलाई स्मरण गराउनुहुनेछ (यूहन्ना १४:१६-१७,२६)। म यो सल्लाहकार तिमीहरूकहाँ पठाउनेछु। उहाँले तिमीहरूलाई सबै सत्यतातिर डोऱ्याउनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ। मसँग भएका कुराहरू उहाँले लैजानुहुनेछ र

तिमीहरूलाई त्यो कुरा जान्न दिनुहुनेछ (यूहन्ना १४:१६-१७,२६; यूहन्ना १६:७-१५)! यसरी बाइबलको उल्लङ्घन गर्दै पोपले पवित्र आत्माको स्थान लियो।

यी कारणहरूले गर्दा, रोमन क्याथोलिक चर्चभन्दा बाहिर मुक्ति पाउन सम्भव छैन भनी तिनीहरूले सिकाउँछन्। यसरी बाइबलको उल्लङ्घन गर्दै रोमन क्याथोलिक चर्चले एक मात्र मुक्तिदाताको रूपमा येशू ख्रीष्टको स्थान लियो। यो भनाइ येशूले भन्नुहुने कुराको विरुद्ध छ, "म बाटो हुँ। मद्वाराबाहेक अरू कोहीद्वारा पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६)। उक्त भनाइ येशू ख्रीष्टका प्रेरितहरूले भनेका कुराहरूको पनि विरुद्धमा छ, "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२)।

त्यही कराणले गर्दा रोमन क्याथोलिक चर्चले संसारमा भएका अरू इसाई चर्चहरूलाई औपचारिक रूपमा कहिल्यै स्वीकार गर्न सक्दैन! तथापि, तिनीहरूले सबै इसाई चर्चहरूलाई फेरि रोमन क्याथोलिक चर्चको मुनि राख्न निकै कोसिस गर्छ।

(१०) मत्ती १६:१८-१९

- येशूले कहिल्यै प्रेरित पत्रसलाई "सबैभन्दा उच्च पद" दिनुभएन।

त्यो कुरा येशू ख्रीष्टले मत्ती २०:२५-२८ भन्नुभएको वचनको विरुद्ध हुनजान्छ, "तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ!"

- र येशू ख्रीष्टका प्रेरितहरूको कुनै उत्तराधिकारीहरू छैन।
- यहूदीहरूका माझमा पहिलो ऐतिहासिक मण्डली स्थापना गर्न (प्रेरित २:१४-४२), अर्ध-यहूदीहरूका (सामरीहरूका) माझमा पहिलो ऐतिहासिक मण्डली स्थापना गर्न (प्रेरित ८:४-१७) र अयहूदीहरूका (अन्यजातिहरूका) माझमा पहिलो ऐतिहासिक मण्डली स्थापना गर्न येशूले प्रेरित पत्रुसलाई प्रयोग गर्नुभयो। यसरी उहाँले मत्ती १६:१८-१९ को भनाइलाई पूरा गर्नुभयो।
- चर्चको ऐतिहासिक जगको रूपमा प्रेरितहरू

मत्ती १६:१८-१९ ले पत्रुस पहिलो पोप हो भनी कहिले पनि बताउँदैन, तर एफिसी २:२० र प्रकाश २१:१४ अनुसार येशू ख्रीष्टका प्रेरितहरू इसाई मण्डलीको ऐतिहासिक जग हुन् भनी बताउँछ। ऐतिहासिक जगको उत्तराधिकारीहरू हुन सक्दैन। येशू ख्रीष्टका प्रेरितहरूको कुनै उत्तराधिकारीहरू थिएनन्, किनभने मानव इतिहासमा येशू ख्रीष्टको प्रेरित हुनको निम्ति एउटा व्यक्ति पनि योग्य हुन सक्दैनथ्यो! बाइबलअनुसार येशू ख्रीष्टको प्रेरित हुने व्यक्ति येशू ख्रीष्टको जीवनको र विशेष गरी उहाँको मृत्यु र पुनरुत्थानलाई आँखाले देख्ने र कानले सुन्ने गवाही हुनुपर्दछ (प्रेरित १:२१-२२) र साथै त्यस्तो व्यक्तिलाई येशू ख्रीष्टले नै व्यक्तिगतरूपमा चुनेको, बोलाएको, तालिम दिएको र पठाएको हुनुपर्दछ (मर्कूस ३:१३-१४; लूका ६:१३; यूहन्ना २०:२१; प्रेरित २६:१५-१८; १ कोरिन्थी ९:१)!

(११) साँचो इसाई चर्चले येशू ख्रीष्टलाई विश्वव्यापी चर्चको शिर हो भनी स्वीकार गर्छ।

सबै साँचो इसाई चर्चहरूले येशू ख्रीष्टलाई पृथ्वीमा सम्पूर्ण इसाई चर्चको गोठालो अथवा पास्टर[85] अनि रेखदेख गर्न अथवा बिशपको[86] रूपमा स्वीकार गर्दछ (यूहन्ना १०:१६; हिब्रू १३:२०; १ पत्रुस २:२५; १ पत्रुस ५:४)। त्यसैगरी तिनीहरूले पवित्र आत्मालाई पृथ्वीमा येशू ख्रीष्टको प्रतिनिधि[87] भनी स्वीकार गर्दछन् (यूहन्ना १४:१६-१७,२६; यूहन्ना १६:७-१५)! कुनै पोप अथवा इसाई अगुवाहरूले दाबी गरेका पदहरूले (जस्तै: प्रेरित, अगमवक्ता, बिशप, पूजाहारी, पास्टर, रेभरेण्ड आदि) येशू ख्रीष्टको यो स्थान लिन सक्दैन!

२. फिलियोकको मुद्दा (The issue of the Filioque)

नाइसिया-कन्स्टाण्टिनोपलको विश्वासको सारलाई (इ.सं. ३२५ र ३८१) सुरुमा यसरी पढिन्थ्यो, "म विश्वास गर्छु ... पवित्र आत्मामाथि, प्रभुमाथि, जो जीवन दिने हुनुहुन्छ, जो पिताबाट अघि बढ्नुहुन्छ, जसलाई पितासँगै आराधना र महिमा

[85] Greek: poimen
[86] Greek: episkopos
[87] Greek: parakletos

गरिन्छ।" आरियनिजम्को विरुद्धमा सुरक्षा यसलाई स्पेनमा सुरु गरिएको जस्तो देखिन्छ (आरियुसले ख्रीष्टको ईश्वरीय स्वभावलाई आक्रमण गऱ्यो)। (रोमी ८:९-१०; १ पत्रुस १:११ सँग दाँज्नुहोस्)।

पश्चिमी ल्याटिन चर्चले स्पेनको टोलेडो परिषद्मा (इ.सं. ५८९) उक्त विश्वासको सारमा "र पुत्रबाट" (in Latin: filioque) भन्ने शब्दहरू थप्यो। अब त्यसलाई यसरी पढियो, " म विश्वास गर्छु ... पवित्र आत्मामाथि, प्रभुमाथि, जसले जीवन दिनुहुन्छ, जो पिता र पुत्रबाट अघि बढ्नुहुन्छ, जसलाई पिता र पुत्रसँगै आराधना र महिमा गरिन्छ।" यसरी थपिएको कुरा फ्रान्स र जर्मनीमा फैलियो र त्यसलाई चार्लेमेनद्वारा (Charlemagne) स्वागत गरियो अनि रूढिवादलाई इन्कार गर्ने फ्रान्कफर्टको परिषद्मा (इ.सं. ७९४) स्वीकार गरियो। लामो समयदेखि खडा भएका केही अवधारणाहरूलाई यस परिषद्मा रद्द गरियो। चार्लेमेनको अदालतको लेखकहरूले फिलियोकको विषयलाई विरोधाभासको मुद्दा बनाए र पूर्वीय ग्रीक चर्चलाई त्यसको निम्ति झूटो भनी आरोप लगाए।

सन् १०५४ मा पश्चिमी कार्डिनल हमबर्टले (Humbert) कन्स्टाण्टिनोपलको हागिया सिफियाको वेदीलाई (The altar of the Hagia Sophia) वहिष्कार गर्ने आदेश दिए (पोपको मोहर लागेको पत्र खोले), तर पूर्वीय अर्थोडक्स चर्चले त्यसलाई तिरस्कार गऱ्यो। उक्त घटना नै पूर्वीय चर्च (ग्रीक अर्थोडक्स चर्च) र पश्चिमी चर्च (रोमन क्याथोलिक ल्याटिन चर्च) को बीचमा विभाजनको सुरुवात थियो।

सन् ११०९ मा कन्स्टाण्टिनपलको पूर्वीय प्राचीन सेरगियुसले पश्चिमी पोप सेरगियुस चौथोको नाम "डिप्टिक" भनिने नाउँहरू लेखिने पाटीबाट हटाइदिए, जहाँ जिउँदा र मरेका सबै प्राचीनहरूको नाउँ राखिन्थ्यो र तिनीहरू "अर्थोडक्स" भनेर चिनिन्थे। त्यो नाउँहरूको सूची काठको दुई फल्याकहरूको भित्री भागमा भएको मैनमा लेखिन्थ्यो र त्यसलाई पट्याएर वेदीमा राखिन्थ्यो। प्रत्येक प्राचीनले त्यस्तो नाउँहरू भएको सूची राख्थे। व्यवहारिकरूपमा पूर्वीय चर्च र पश्चिमी चर्च सम्पर्कभन्दा बाहिर थिए।

३. धर्मयुद्धहरू (The Crusades).

सन् १०९६-१२७० मा "पवित्र युद्धहरू" भनिने धर्मयुद्धहरू ...

- एकातर्फ इस्लामिक फाटिमिडहरू र सेलजुकहरूले (Islamic Fatimids and Seljuks) इसाईहरू र प्यालेस्टाइनको पवित्र भूमिमाथको दमन र सतावटको प्रतिक्रिया थियो।
- अर्कोतर्फ यरूशलेमलाई स्वतन्त्र पार्नको निम्ति पियाचेन्जा र क्लेरमण्ट (Piacenza and Clermont, 1095 AD) भन्ने सहरहरूमा भएको सभामा पोप अर्बन द्वितीयले (Pope Urban II) आदेशको अति नै गैर-इसाई प्रतिक्रिया थियो।

येशू ख्रीष्ट अनि बाइबलले "पवित्र युद्धहरूलाई" पूर्णरूपमा निषेध गर्छ भन्ने कुरा इसाईहरूले याद गर्नैपर्छ (मत्ती ५:३८-४८)! धर्मयुद्धहरूको आदेश दिने र त्यसलाई कार्यान्वयन गर्ने राजनैतिक र सैनिक व्यक्तिहरूले आफू इसाई हौँ भनी झूटा दाबी गरे, तर तिनीहरू कहिल्यै साँचो इसाईहरू भएनन्! साँचो इसाईहरूले धर्मयुद्धहरूलाई अबाइबलीय र अइसाई गतिविधिको रूपमा सधैँ इन्कार गर्दछन्!

पश्चिमी ल्याटिन चर्चबाट आएका धर्मयोद्धाहरूले सन् १०९८ मा तुर्किसहरूको हातमा रहेको एन्टियोकमाथि कब्जा जमाए, सन् १०९९ मा यरूशलेममाथि कब्जा जमाए अनि ती स्थानहरूमा पश्चिमी ल्याटिन प्राचीनहरू नियुक्त गरे। सन् ११८७ तिर यरूशलेममा पूर्वीय ग्रीक प्राचीन थिए भने आकर (Acre) भन्ने ठाउँमा पश्चिमी ल्याटिन प्राचीन थिए। ती दुई प्रतिद्वन्द्वी बिशपहरूले उही सिंहासनको दाबी गर्थे र तिनीहरूले घृणा र तीतोपनको आत्माले पूर्वेली र पश्चिमी इसाई समुदायहरूको परिचय दिन्थे।

- पूर्वेली बिजेण्टाइनका बासिन्दाहरूले सन् ११८२ मा कन्स्टाण्टिनोपलका थुप्रै ल्याटिन बासिन्दाहरूको निर्ममतापूर्वक नरसंहार गरे।
- त्यसको प्रतिक्रियास्वरूप पश्चिमी धर्मयोद्धाहरूले सन् १२०४ मा कन्स्टाण्टिनोपलमाथि लुटपाट मच्चाए।

यसले पूर्वेली अर्थोडक्स चर्च र पश्चिमी रोमन क्याथोलिक चर्चको फूट र विभाजनलाई निश्चित तुल्यायो।

४. पूर्वेली र पश्चिमी इसाई समुदायहरू

(१) प्राचीनहरू

रोम र कन्स्टाण्टिनोपलका प्राचीनहरूको प्रतिद्वन्द्वले अन्तमा इसाई चर्चको पहिलो महान् विश्वव्यापी[88] विभाजनतिर डोऱ्यायो। पूर्वको इसाई चर्च थुप्रै स्वतन्त्र अर्थोडक्स चर्चहरूले (सम्प्रदायहरूले) बनेको थियो र त्यहाँको प्रत्येक चर्चमा आफ्नै प्राचीन थियो। पश्चिमको इसाई चर्च, जसलाई रोमन क्याथोलिक चर्च (सम्प्रदाय) भनिन्थ्यो, त्यसको शिरमा रोमको बिशप (पोप) थियो। पूर्वका बिशपहरू र पश्चिमको पोपले अब तिनीहरूमुनि भएका सबै बिशपहरूमाथि प्रभुत्व जमाउँदै शासन गर्नथाले।

(२) आर्कबिशपहरू

पछि गएर पश्चिममा थुप्रै बिशपहरू भएको हुनाले पोप र बिशपहरूको बीचमा अर्को तहको अगुवाहरू निर्माण गरिए, जसलाई "आर्कबिशपहरू" भनिन्छ। तिनीहरू पहिलो तहका बिशपहरू हुन्। आर्कबिशपला आफ्नो प्रान्तको (मुलुकको) सबै बिशपहरूमाथि अध्यक्षताको भूमिका निभाउँछ। यसरी पूर्व र पश्चिमको मण्डलीहरूको तहगत अगुवापनको व्यवस्था अन्तमा गएर वर्तमान अवस्थामा आइपुग्यो।

(३) पापमय मण्डली इतिहास

इसाईहरूले यो कुरा याद गर्नैपर्छ, कि यस किसिमको ऐतिहासिक विकास भनेको मण्डलीका अनात्मिक अगुवाहरूले निर्माण गरेको "पापमय मण्डली इतिहास" हो र त्यसको कुनै बाइबलीय अधिकार र पुष्टि छैन! बाइबलमा लेखिएका कुराभन्दा बाहिर नजाने इसाईहरूले (१ कोरिन्थी ४:६) यस किसमका पश्चिमी रोमन क्याथोलिक चर्च अनि पूर्वेली अर्थोडक्स चर्चहरूको अगुवापनको ऐतिहासिक विकासलाई इन्कार गर्दछन्।

च. सम्प्रदायहरूको विकासको निरन्तरता
(प्रोटेस्टेण्ट सुधार अभियान) (इ.सं. १५१७)

१. सुधार अभियानको पुर्वजहरू (अग्रदूतहरू)

(१) जोन उइक्लिफ (John Wycliffe, 1324-1384 AD)

उनी बेलायतको अक्सफोर्ड र लुटरवर्थ भन्ने ठाउँहरूमा बस्थे। उनी ईश्वरशास्त्रमा डाक्टर उपाधि पाएको विद्वान् थिए। तिनले पोपको शक्तिको दुरुपयोगलाई खुल्लारूपमा विरोध गरे, सन् १३८१ मा ल्याटिन भुल्गेट बाइबललाई अङ्ग्रेजीमा अनुवाद गरे अनि तिनले मानव अवशेष, प्रतिमाहरू, पापक्षमा दिने पत्रहरू (letters of indulgence), येशूको अन्तिमभोजको उत्सव (the Mass), प्रभुभोजको रोटी र कचौरा साँच्चै येशूको शरीर र रगतमा रूपान्तरण हुने सिद्धान्त (the doctrine of transubstantiation), पापस्वरीकार, पूजाहारीपन, सन्यासी जीवन र रोमन क्याथोलिक चर्चको तहगत अगुवापनजस्ता कुराहरूको प्रयोगको विरुद्धमा सङ्घर्ष गरे। कन्स्टान्जको परिषद्मा (the council of Constanz, 1415 AD), दोषी ठहरिनुभन्दा पहिले नै तिनको मृत्यु भयो। सन् १४१७ मा तिनलाई गाडिएको ठाउँबाट हाडहरू निकालेर जलाइयो (किनभने झूटा शिक्षकहरूलाई त्यतिबेला जलाइन्थ्यो)!

(२) जोहानेस हस (Johannes Hus, 1369-1415AD)

[88] Greek: katholikos

तिनी Bohemia (Poland) भन्ने देशमा बस्थे र रोमन क्याथोलिक चर्चको विरोधमा John Wicliffe ले लेखेको शोधपत्रबाट तिनी प्रभावि भएका थिए। रोमन क्याथोलिक चर्चभित्र हुने दुरुपयोगको विरुद्धमा तिनले सङ्घर्ष गरे। तिनको शोधपत्रलाई Prague मा दोष लगाइयो र सन् १४१५ मा भएको कन्टान्जको परिषद्मा तिनलाई दोषी ठह¯याएर जिउँदै जलाएर मारियो।

२. इसाई मण्डलीमा दोस्रो ठूलो विभाजन

(१) सुधारवादको अभियान (The Reformation)

सोह्रौँ शताब्दीतिर रोमन क्याथोलिक चर्चभित्रका केही अगुवाहरूको दुरुपयोगहरू यति बढेर गयो, कि थुप्रै व्यक्तिहरूले रोमन क्याथोलिक चर्चभित्र सुधारको अभियान सुरु गरे। लुथर (३१ अक्टोबर १५१७), जुइङ्ली (सन् १५२२), क्याल्भिन (सन् १५३६), नक्स र अरू व्यक्तिहरुले रोमन क्याथोलिक चर्चलाई भित्रबाटै सुधार गर्न चाहन्थे, तर त्यतिबेलाका रोमन क्याथोलिक मण्डलीका अगुवाहरूले उक्त सुधार अभियानको विरोध गरी आफ्नो शक्तिलाई कायम राखे।

ट्रेण्टमा आयोजना गरिएको १९औँ परिषद्मा (सन् १५४५-१५४९) लुथर, क्याल्भिन र अरूहरूलाई झूटा शिक्षा भनी दोष लगाइयो र उनीहरूलाई रोमन क्याथोलिक चर्चबाट बहिष्कार गरियो। तर तिनीहरूलाई रोमन क्याथोलिक चर्चबाट बहिष्कार गरिए तापनि त्यसले तिनीहरूलाई ख्रीष्टको विश्वव्यापी एउटै शरीरबाट बहिष्कार गर्न सक्दैन (१ कोरिन्थी १२:१३)! जे जस्तो भए तापनि सन् १५१७ मा त्यसले उक्त विश्वव्यापी मण्डलीअन्तर्गतका रोमन क्याथोलोक चर्च र सुधारवादी चर्चको बीचम ठूलो विभाजन ल्यायो।

(२) सुधार अभियानले दिएको जोड

सुधारवादी चर्च पहिलो शताब्दीमा भएको नयाँ करारको मण्डलीको अवस्थामा फर्कन चाहन्थ्यो। रोमन क्याथोलिक चर्चले बाहिरी कुराहरूमा आफ्नो पहिचान र शक्ति खोजी गऱ्यो र ती कुराहरूलाई भेट्टायो भने सुधारवादी चर्चले आन्तरिक रूपान्तरणको निम्ति मानिसहरूलाई बोलावट दियो। रोमन क्याथोलिक चर्चले पूजाहारी, बिशप, आर्कबिशप र पोपजस्ता व्यक्तिहरूको शक्तिमा, धार्मिक विधिहरूमा र असल कामहरूमा जोड दियो। सुधारवादी चर्चले बाइबलमा लेखिएको परमेश्वरको वचनमा, विश्वासद्वारा धर्मी ठहरिने कुरामा र सुद्धिकरणमा (रूपान्तरित जीवनमा) जोड दियो।

३. इसाई चर्च थुप्रै सम्प्रदायहरूमा निरन्तर विभाजन भइरह्यो

(१) सुसमाचारीय अभियान

सोह्रौँ शताब्दीमा युरोप, बेलायत र अमेरिकामा केही सुसमाचारीय अभियानहरू सुरु भए। त्यतिबेला पश्चिममा बढ्दैगएको स्वतन्त्रवादले थुप्रै मण्डली सम्प्रदायहरू सुरु हुन थाले। ती मण्डली सम्प्रदायहरू मानवीय संस्थाहरू भएकोले, तिनीहरू घरी-घरी अरू मण्डली सम्प्रदायहरूमा टुक्रिँदैगए। त्यसरी सुरु भएका प्रत्येक मण्डली सम्प्रदायले आफ्नै किसिमको अगुवापनको ढाँचा विकास गरे।

(२) पापमय मण्डली इतिहास

इसाईहरूले यो कुरा याद गर्नैपर्छ, कि उक्त ऐतिहासिक विकास अनात्मिक अगुवाहरूले निर्माण गरेको "पापमय इसाई इतिहास" थियो, जसमा कुनै बाइबलीय अधिकार अथवा पुष्टि थिएन! बाइबलमा लेखिएका कुराहरूभन्दा बाहिर नजाने इसाईहरूले (१ कोरिन्थी ४:६) त्यस्ता आफ्नै किसिमको अगुवापनको ढाँचा अँगालेर विभाजन भइरहने सम्प्रदायहरूको ऐतिहासिक विकासलाई इन्कार गर्छ। त्यसरी विभिन्न सम्प्रदायहरूमा टुक्रिरहने मण्डलीलाई परमेश्वरले सांसारिक भन्नुहुन्छ। त्यस किसिमको बेमेल र अनेकताको साँचो कारण भनेको अपरिक्वपन हो: इसाईहरू विश्वासमा "बालक अवस्थामा" भएकोले एक-आपसमा झगडा गरी विभिन्न सम्प्रदायहरूमा टुक्रिए अनि तिनीहरू संसारका अइसाईहरूझैँ अपरिवर्तित अवस्थामा नै बसिरहे (१ कोरिन्थी ३:१-४ पढ्नुहोस्)!

आवश्यक परेको घडी भनेको चेलापन हो : इसाईहरूलाई परिपक्व हुन सहायता गर्नु अनि ख्रीष्टलाई पछ्याउने काम गर्नु र त्यसमा दृढ रहनु (मत्ती २८:१८-२०)!

छ. मुख्य सम्प्रदायहरू
(आधुनिक समय)

१. इपिस्कोपल (धर्माध्यक्ष भएका) चर्चहरू (The episcopal churches)

इपिस्कोपल चर्चहरूले साधारणरूपमा एकमात्र साँचो चर्चमा विश्वास गर्छन् र त्यो "क्याथोलिक" (विश्वभरि फैलिएको) चर्च हो। यस्तो व्यवस्थामा स्थानीय मण्डलीहरू स्वतन्त्र रहन सक्दैनन्। मण्डली दृश्यरूपमा नै संसारको एक जना अगुवाको मुनि रहनैपर्छ। यस्तो दृश्य एकत्रित चर्च भनेको पौराणिक रोमी साम्राज्यको प्रतिबिम्ब हो।

यसमा बिशपको कार्यभारलाई जोड दिइन्छ, जसले अरू सबै चर्चका पदाधिकारीहरूलाई अँगालोमा बाँध्छ।

बिशपहरूको परिषद्को माध्येमद्वारा ख्रीष्टले विश्वव्यापी चर्चलाई शासन गर्नुहुन्छ भनी तिनीहरूले ठान्दछन्। रोमन क्याथोलिक चर्चमा रोमको बिशपद्वारा (पोपद्वारा) र स्थानीय मण्डलीहरूलाई चाहिँ त्यहाँको बिशपले शासन गर्नुपर्छ भनी तिनीहरू भन्दछन्।

२. कङ्ग्रीगेसनल (सामुदायिक) चर्चहरू (The congregational churches)

कङ्ग्रीगेसनल चर्चहरूले साधारणरूपमा यो विश्वास गर्छन्, कि हरेक स्थानीय मण्डली पूर्णरूपमा चर्च हो र त्यो पूर्णरूपले स्वतन्त्र रहन्छ। त्यस्ता स्वतन्त्र मण्डलीहरू ज्ञानवाद र स्वतन्त्रतावाद युगका स्वतन्त्र मानिसहरूका प्रतिबिम्बहरू हुन्।

जहाँ-जहाँ सुसमाचार प्रचार गरिन्छ, मानिसहरू विश्वासमा आउँछन्। विश्वासीहरू मण्डलीभित्र जम्मा हुन्छन्, जुन ख्रीष्टको उपस्थिति हुने स्वतन्त्र स्थानीय मण्डली हो (मत्ती १८:२०)। त्यहाँ बाइबलीय बोलावटलाई पूरा गर्न सदस्यहरूले स्वतन्त्रसाथ आफूलाई बाँध्छन्। प्रत्येक विश्वासीको कामलाई जोड दिनको निम्ति सोची समझिकन नै मण्डलीहरूलाई सानो राखिन्छ। पुराना स्वतन्त्र मण्डलीहरूबाट नयाँ स्वतन्त्र मण्डलीहरू टुक्रिन्छन् (जन्मिन्छन्)। कहिलेकाहिँ केही स्वतन्त्र मण्डलीहरू मिलेर खुकुलो किसिमको सङ्गठन बनाउँछन्, जहाँ प्रत्येक मण्डली पूर्णरूपमा स्वतन्त्र रहन्छ।

त्यहाँ विश्वासीको काममा जोड दिइन्छ, जो परिचित व्यक्तिहरूको माझमा पूजाहारी, अगमवक्ता र राजा हो।

विश्वासीहरूको हरेक स्वतन्त्र मण्डलीमा ख्रीष्टले पवित्र आत्माद्वारा, बाइबलद्वारा र मण्डलीको साधारण सभाद्वारा ख्रीष्टले शासन गर्नुहुन्छ भनी तिनीहरूले ठान्दछन्। साधारण सभामा विश्वासीहरूले प्रजातान्त्रिक सिद्धान्तअनुसार सबै महत्वपूर्ण निर्णयहरू गर्दछन्। आधुनिक स्वतन्त्रवाद र प्रजातन्त्रको प्रभावमा परी स्थानीय मण्डलीको साधारण सभाले मण्डलीको समति चुन्दछ अनि मण्डलीको साधारण सभामा पारित भएका निर्णयहरूलाई त्यही समितिले कार्यान्वयन गर्दछ। त्यस्तो मण्डलीहरूमा विश्वासीहरूको साधारण सभा नै सबैभन्दा आधिकारिक निकाय हो।

३. सिनोडिकल चर्चहरू (The synodical churches)

सिनोडिकल चर्चहरूले साधरणतया यो विश्वास गर्छ, कि हरेक स्थानीय मण्डली पूर्णरूपमा ख्रीष्टको मण्डली हो, तर त्यो अरू स्थानीय मण्डलीहरूबाट पूर्णरूपमा स्वतन्त्र हुँदैन र कुनै राष्ट्र अथवा प्रान्तभित्रको छाता सङ्गठनको मुनि तिनीहरू सङ्गठित हुनुपर्दछ। उक्त छाता सङ्गठनलाई सिनोड भनिन्छ (जसको शाब्दिक अर्थ प्रतिनिधिहरूको भेला हो)। सिनोड (धर्मसभा) भनेको एल्डरहरूको भेला हो, जसलाई सम्पूर्ण मण्डलीको प्रतिनिधित्व गर्न चुनिएको हुन्छ। सिनोडिकल चर्चहरू भनेको राष्ट्र अथवा राज्यको राष्ट्रियताको प्रतिबिम्ब हो।

यसमा चुनिएको अनि नियुक्त गरिएको एल्डरहरूको कार्यभारमाथि जोड दिइन्छ। एल्डरहरूलाई बाइबलीय शिक्षाहरूको आधारमा स्थानीय तहमा चुनिनैपर्छ र उनीहरूले राष्ट्रिय स्तरमा सिनोडको प्रतिनिधित्व गर्नैपर्छ।

ख्रीष्टले राष्ट्रिय अथवा प्रान्तीय चर्चलाई स्थानीय तहमा पवित्र आत्माद्वारा, बाइबलद्वारा र पास्टर, एल्डर र डिकनजस्ता चर्चमा नियुक्त गरिएका अगुवाहरूद्वारा शासन गर्नुहुन्छ भनी तिनीहरू ठान्दछन्। राष्ट्रिय स्तरमा चाहिँ क्षेत्रीय सिनोडहरू (धर्माध्यक्षहरू) एक जना राष्ट्रिय सिनोडद्वारा ख्रीष्टले शासन गर्नुहुन्छ भनी तिनीहरू ठान्दछन्।

४. स्वतन्त्र चर्चहरू (The Independent Churches)

स्वतन्त्र चर्चहरूले यो विश्वास गर्दछन्, कि हरेक स्थानीय मण्डली जाति, सँस्कृति र संस्थाको सन्दर्भमा अरू चर्चहरूभन्दा पूर्णरूपले स्वतन्त्र हुनैपर्छ। कहिलेकाहिँ तिनीहरूले आफ्नो समूहमा आफू मात्र साँचो चर्च (सम्प्रदाय) हौँ भनी विचार गर्ने गर्छन्। स्वतन्त्र चर्चहरू कुनै सँस्कृतिभित्रको जाति र स्वतन्त्र समूहको प्रतिबिम्ब हुन्। स्वतन्त्र चर्चहरूले प्राय: क्यारिस्म्याटिक अथवा अधिकारवादी अगुवाले डोऱ्याउने गर्छ, जो प्राय: उक्त स्वतन्त्र मण्डलीको संस्थापक अथवा स्थापक हुन्छ। यस्ता अगुवाहरूले आफूलाई "अगमवक्ता", "प्रेरित", "पूजाहारी" अथवा "पास्टर" भन्ने उच्च पदहरूको दाबी गर्दछन्। स्वतन्त्र चर्चहरूका सदस्यहरूले कहिलेकाहिँ आफूलाई अरू चर्चहरूबाट छुट्ट्याउनको लागि विशेष किसिमको पोशाक लगाउँछन्। आफूलाई फरक देखाउनको लागि तिनीहरूले धार्मिक विधिहरू (liturgies) पनि अनुसरण गर्छन्।

एकातर्फ समूहको भाषा, सँस्कृति र फरक किसिमको सिद्धान्तहरूमा जोड दिइन्छ भने अर्को तर्फ क्यारेस्म्याटिक अनि अधिकारवादी अगुवामा जोड दिइन्छ, जसले आफूलाई आफ्नो मण्डली सम्प्रादायभित्र पूजाहारी, अगमवक्ता, राजा, प्रेरित अथवा बिशपको रूपमा प्रस्तुत गर्दछ।

ख्रीष्टले स्वतन्त्र चर्चलाई क्यारेस्माटिक अनि अधिकारवादी अगुवाद्वारा डोऱ्याउनुहुन्छ भनी तिनीहरूले विश्वास गर्छन्। यदि उक्त मण्डलीमा चर्च परिषद् अथवा समिति छ भने प्राय: तिनीहरूले अधिकारवादी अगुवाको निर्णयहरूलाई समर्थन गर्दछन्। यस किसिमले केही क्यारेस्माटिक अगुवाहरूले आफूलाई मानिसहरू र परमेश्वरबीच "मध्यस्थकर्ता"को स्थानमा राख्छन्।

५. प्रेस्बेटेरियल चर्चहरू (The presbyterial churches)

प्रेस्बेटेरिय चर्चहरूले[89] यी कुराहरूमा विश्वास गर्छन्:

- हरेक मण्डली येशू ख्रीष्टको चर्चको पूर्ण र दृश्य प्रकाश हो (१ कोरिन्थी १२:२७)।
- हरेक मण्डली संस्थाको सन्दर्भमा पूर्णरूपले स्वतन्त्र हुन्छ।
- तर हरेक मण्डलीले परामर्श र सहकार्यको सन्दर्भमा अरू स्थानीय मण्डलीहरूसँग एक-आपसमा निर्भर हुन्छ।

प्रेस्बेटेरियल चर्चहरू बाइबलको शिक्षाको प्रतिबिम्ब हुन्। यसमा साम्राज्यवाद, स्वतन्त्रवाद (व्यक्तिवाद), राष्ट्रवाद र जातिवादजस्ता कुराहरूको कुनै प्रभाव हुँदैन!

यसमा एल्डरहरूको[90] कार्यभारमाथि जोड दिइन्छ र ती एल्डरहरू बाइबलको शिक्षाहरूको आधारमा चुनिनैपर्छ। स्थानीय मण्डलीलाई एल्डरहरूको[91] समूहले अथवा परिषदले शासन गर्दछ। यसमा हरेक विश्वासीको कार्यभारमाथि पनि जोड दिइन्छ। हरेक विश्वासी आफ्नो समुदायको परिचित मानिसहरूको माझमा पूजाहारी, अगमवक्ता र राजा हुनैपर्छ।

तिनीहरूले येशू ख्रीष्टलाई मण्डलीको एकमात्र अति उच्च अगुवा ठान्दछ (एफिसी १:२०-२३) र उहाँले आफ्नो पवित्र आत्माद्वारा (यूहन्ना १६:१-१५), बाइबलद्वारा (एफिसी ६:१७) र स्थानीय मण्डलीको एल्डरहरूको समूहद्वारा (१ तिमोथी ३:१-७,१४-१५) हरेक स्थानीय मण्डलीमाथि शासन गर्नुहुन्छ। हरेक स्थानीय मण्डलीले बाइबलको शिक्षालाई मात्र आधार बनाएर एल्डरहरूको समूह चुन्दछ र त्यो काम सम्पूर्ण मण्डलीको भेला बोलाएर गरिन्छ। यसरी एल्डरहरूको समूह र सम्पूर्ण मण्डलीको साधारण सभाद्वारा निरन्तर एकले अर्कोलाई पक्रने र जाँच्ने काम हुँदछ। त्यसको निम्ति बाइबलमा भएको ख्रीष्टक शिक्षाहरूलाई सबैभन्दा उच्च अधिकार ठानिन्छ। यी सबै कुराहरूभन्दा माथि मण्डलीको केन्द्रमा ख्रीष्ट र बाइबलको ठिक शिक्षाहरू निरन्तर खडा भएको छ कि छैन भनी एल्डरहरूको समूहले हेर्नैपर्छ। दोस्रो स्थानमा आएर मण्डलीको साधारण

[89] The term "presbyterial" must not be confused with the name Presbyterian Church (a denomination), just as the term "catholic" must not be confused with the name Roman Catholic Church (a denomination).
[90] Geek: presbuteros
[91] Geek: presbuterion

सभाको उद्देश्यहरूलाई उक्त एल्डरहरूको समूहले पूरा गर्दछ। उक्त एल्डरहरूको समूहले ख्रीष्टको शरीरमा भएका एल्डरहरूको अरू समूहरूसँग सम्पूर्ण हृदयले सल्लाह-परामर्श र सहकार्य गर्दछ।

ज. नयाँ करारको शिक्षा
(एल्डरहरूको कार्यभार)

१. एल्डरहरूको समूह

स्थानीय मण्डलीलाई कुनै व्यक्तिले होइन तर "एल्डरहरूको समूह"ले अगुवाइ गर्नुपर्छ भनी नयाँ करारले सिकाउँछ (१ तिमोथी ४:१४)।

- सबै एल्डरहरूलाई (प्रेरित २०:१७) उनीहरूका कामहरूअनुसार (प्रेरित २०:२८) बिशपहरू (रेखदेख गर्नेहरू) अनि पास्टरहरू (गोठालोहरू) भनिन्छ!
- सबै एल्डरहरूलाई (तीतस १:५) उनीहरूका कामहरूअनुसार (तीतस १:७) बिशपहरू (रेखदेख गर्नेहरू) भनिन्छ।
- सबै एल्डरहरूलाई (१ पत्रुस ५:१) उनीहरूका कामहरूअनुसार पास्टरहरू (गोठालोहरू) र बिशपहरू (रेखदेख गर्नेहरू) भनिन्छ (१ पत्रुस ५:२) र उनीहरूले मुख्य पास्टर येशू ख्रीष्टको मुनि रहेर काम गर्छन्।

यसले यो कुरा स्पष्टसँग देखाउँछ कि लूका, पावल र पत्रुसले "एल्डर", "रेखदेख गर्ने" (बिशप) र "गोठालो" (पास्टर)- यी तीन शब्दहरूलाई एक-अर्काको ठाउँमा प्रयोग गर्न सकिने किसिमले चलाए! मण्डली इतिहासमा यी शब्दहरूले जस्तो अर्थ दिएको भए तापनि अहिले विभिन्न सम्प्रादायहरूमा त्यसले त्यस्तै अर्थ दिन सक्छ, किनभने नयाँ करारले "एल्डर", "रेखदेख गर्ने" र "बिशप" भन्ने शब्दहरूलाई कुनै भिन्नता गरेको छैन! पुरानो करार अथवा नयाँ करारको चर्चका अगुवाहरूमा कुनै तहगत प्रणाली थिएन! मण्डलीमा कहिले पनि एउटा अगुवाले अधिकार चलाएको थिएन।

हरेक स्थानीय मण्डलीको निम्ति "एल्डरहरूको[92] परिषद्" नियुक्त गरिएका हुन्थे (प्रेरित १४:२३; तीतस १:५)। उक्त परिषद्मा सधैँ एकभन्दा बढी एल्डरहरू हुन्थे (१ तिमोथी ४:१४)। सबै एल्डरहरूले स्थानीय स्वतन्त्र मण्डलीमा अगुवापनको जिम्मेवारीहरूलाई एक-आपसमा बाँडचुँड गर्थे।

बाइबलको अगुवापन सधैँ "बाँड्चुँड गर्ने अगुवापन" र " सेवक अगुवापन" हुन्छ (मत्ती २०:२५-२८; १ पत्रुस ५:२-४)!

२. यी फरक-फरक शब्दहरूको अर्थ

एल्डरहरू, गोठालोहरू र रेखदेख गर्नेहरू - यी तीन शब्दहरूले चर्चको तीन फरक कार्यभारहरू अथवा चर्चको तीन फरक ओहोदाहरू हुन् भनी व्याख्या गर्दैनन्। यी तीनै वटा शब्दहरूले चर्चको एउटै कार्यभारलाई बुझाउँछ, जुन एल्डरको कार्यभार हो। मण्डलीका अगुवाहरूको एक समूहलाई तिनीहरूले दुई अवधारणाहरूमा व्याख्या गर्छन्: तिनीहरूको कार्यभार र तिनीहरूले गर्ने कामहरूको विवरण:

- एल्डर[93] भन्ने शब्दले अगुवाको आत्मिक परिपक्वता, अनुभव र अगुवाको आज्ञाप्रतिको ठूलो आदरलाई व्यक्त गर्दछ।
- गोठालो[94] र रेखदेख गर्ने[95] भन्ने शब्दहरूले एल्डरले गर्ने कामहरूको स्वभावलाई व्याख्या गर्दछन्। एल्डरहरूले मानिसहरूलाई गोठालोहरूले झैँ अगुवाइ गर्दछन् त तिनीहरूले मण्डलीको सम्पत्तिहरू र क्रियाकलापहरूलाई रेखदेख गर्नेहरूले गरेझैँ व्यवस्था मिलाउँछन्। त्यसैगरी कामहरूको स्वभावअनुसार बाइबलले प्रयोग गरेका अरू शब्दहरू यी हुन्: "अगुवा अथवा डोऱ्याउने व्यक्ति"[96] (हिब्रू १३:७,१७,२४), "अगाडि खडा हुने व्यक्ति" (शासक,

[92] Geek: presbuterion
[93] Geek: presbuteros; English: priest
[94] Geek: poimen, Latin and English: pastor
[95] Geek: episkopos; English: bishop (meaning: overseer)
[96] Geek: hegoumenos

निर्देशक, व्यवस्थापक)[97] (रोमी १२:८; १ थेसलोनिके ५:१२; १ तिमोथी ५:१७) र "घरेलु भण्डारे अथवा व्यवस्थापक" (कारिन्दा)[98] (तीतस १:७)।

स्थानीय मण्डलीको सबै एल्डरहरूले उक्त मण्डलीमा गोठालोहरूको र देखरेख गर्नेहरूको काम गर्दछन् भनी नयाँ करारले सिकाउँछ। स्थानीय मण्डलीको सबै एल्डरहरूले उक्त मण्डलीमा प्रचार गर्ने, सिकाउने, पास्टरीय र व्यवस्थापनको कामहरू मिलेर बाँडचुँड गर्दै गर्दछन्!

३. अस्थायी अगुवापन समूह

नयाँ मण्डलीहरू स्थापना गरिँदा, त्यहाँ मिसेनरी हुन्छ, जसलाई मण्डली स्थापक अथवा अर्को स्थानीय मण्डलीको एल्डर भन्न सकिन्छ अनि उसँग केही इसाईहरू हुन्छन्, जोसँग नयाँ मण्डली स्थापना गर्नको निम्ति आवश्यक सीप र वरदानहरू हुन्छन् (पावल, बारनाबास, मर्कूस, सिलास, तिमोथी, लूका र तीतस; प्रेरित १५:३६-४१; प्रेरित १६:१-३; प्रेरित १६:६-१०; २ कोरिन्थी ८:२३)। यो समूहलाई "मण्डली स्थापना गर्ने समूह", "अगुवाहरूको समूह" अथवा साधारणरूपले "समूह" भन्न सकिन्छ। तिनीहरूलाई "डिकनहरू" भन्नु हुँदैन किनभने मण्डलीमा एल्डरहरूको परिषद् भइसकेपछि मात्र डिकनहरूलाई नियुक्त गरिनुपर्दछ।

उक्त अगुवापन समूहका कामहरू यी हुन्:

- सुसमाचार प्रचार, चेलापन, पास्टरीय वास्ता अनि विभिन्न किसिमको सेवाहरूका निम्ति विश्वासीहरूलाई सुसज्जित गर्दै मण्डली निर्माण गर्नु।
- भविष्यको एल्डरहरू निर्माण गर्नको निम्ति केही मानिसहरूलाई सुसज्जित पार्दै मण्डलीमा अगुवापनलाई विकास गर्नु (प्रेरित १४:२१-२३ सँग दाँज्नुहोस्)।

४. निष्कर्ष

इसाई मण्डलीको अगुवापन लामो अनि गोलमाल र कोलाहालपूर्ण अवधिको विकास भएर गएको छ। उक्त इतिहासको यो संक्षिप्त विवरणको उद्देश्य तपाईंलाई आफ्नो मण्डलीको अगुवाहरूको विरुद्धमा खडा गराउनु होइन।

तर यो अध्ययनले तपाईंको मण्डलीको अगुवापनलाई अझ बढी बाइबलीय तुल्याउन र अगुवाहरू मनोवृत्तिलाई बाइबलअनुसारको बनाउन हौसला दिनेछ, ताकि उनीहरूले येशू ख्रीष्टको भनाइलाई पछ्याउ सकून् : "जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ" (मत्ती २०:२५-२८)।

[97] Geek: prohistamenos
[98] Greek: oikonomos